# वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्यान्वयन योजना (२०८२-२०९१)

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

फागुन, २०८२

# वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्यान्वयन योजना

# (२०८२-२०९१)

नेपाल सरकार
**वन तथा वातावरण मन्त्रालय**
सिंहदरबार, काठमाडौं

**फागुन,** २०८२

**प्रकाशकः**
नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

**स्वीकृत मितिः** वि.सं. २०८२/११/१५ (नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, माननीय मन्त्रिस्तरको निर्णय)

**प्रकाशित प्रतिः** १,०००

**मुद्रणः**
एम.एस. अफसेट प्रेस
काठमाडौं
फोनः ५९०४३८८

**माननीय माधवप्रसाद चौलागाई**
**मन्त्री**
**वन तथा वातावरण मन्त्रालय**
**सिंहदरबार, काठमाडौं, नेपाल**

**नेपाल सरकार**

**Hon'ble Madhav Prasad Chaulagain**
**Minister**
**Ministry of Forests and Environment**
**Singhadurbar, Kathmandu**

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं



## मन्तब्य

वन, जैविक विविधता, जलाधार तथा वातावरण क्षेत्र दिगो विकास, हरित अर्थतन्त्र, समन्यायिक वितरण, जलवायु उत्थानशील तथा समृद्ध समाजको आधारस्तम्भका रूपमा रहेका छन् । यी स्रोतहरू सम्पूर्ण नेपाली नागरिकहरूको जीविकोपार्जन, सामाजिक संरचना, साँस्कृतिक पहिचान तथा पुस्तान्तरगत उत्तरदायित्वसँग समेत अभिन्न रूपमा आबद्ध रहेका छन् । तसर्थ, यस क्षेत्रबाट प्राप्त हुने अवसर, स्रोत तथा लाभहरू, निर्णय प्रक्रियामा सबै नागरिकको समतामूलक, न्यायोचित तथा अर्थपूर्ण पहुँच र नियन्त्रण सुनिश्चित गर्नु राज्यको संवैधानिक दायित्वका साथ वन क्षेत्रको सुशासन प्रवर्द्धन र मर्यादित संगठन निर्माणको आधार हो । नेपालको संविधानले प्रत्याभूत गरेको समानता, सामाजिक न्याय तथा समावेशीकरणका सिद्धान्तहरूलाई आत्मसात् गर्दै वन तथा वातावरण मन्त्रालयले वन, जैविक विविधता, जलाधार तथा वातावरण क्षेत्रमा दश वर्षीय लैङ्गिक समानता, अपाङ्गमैत्री तथा सामाजिक समावेशीकरण (लैसअसास) रणनीति तथा कार्यान्वयन योजना तयार गरेको छ । यस रणनीतिले विशेषगरी महिला, आदिवासी जनजाति, दलित, मधेसी, अपाङ्गता भएका व्यक्ति, पिछडिएका क्षेत्र, विपन्न तथा सीमान्तकृत समुदायहरूलाई वन तथा वातावरणीय स्रोतको संरक्षण, सदुपयोग र व्यवस्थापन प्रक्रियामा प्राथमिक सरोकारवाला र निर्णायक भूमिकामा स्थापित गर्ने स्पष्ट मार्गचित्र प्रस्तुत गरेको छ ।

विगत ७-८ वर्षदेखि निर्माण भई स्वीकृत हुन नसकेको यस महत्वपूर्ण रणनीति तथा कार्यान्वयन योजना परिमार्जन सहित थप प्रवलिकरण, आन्तरिकीकरण र मूलप्रवाहीकरण गर्दै सिमान्तकृत समुदायलाई जुरुक्कै उठाउने र थप सशक्तिकरणका साथ विकासको मुलधारमा ल्याउने गरी स्वीकृत तथा कार्यान्वयन शुरु गर्न पाउँदा अत्यन्तै खुशी लागेको छ । यस रणनीतिको मूल ध्येय सहभागिताको परिधिलाई विस्तार गर्दै ती समुदायहरूको भूमिकालाई केवल उपस्थिति वा प्रतिनिधित्वमा सीमित नराखी नेतृत्व, निर्णय-निर्माण तथा स्रोत व्यवस्थापनको केन्द्रसम्म अभिवृद्धि गर्नु हो । यसले नीतिगत, संस्थागत तथा व्यवहारिक तहमा रुपान्तरणकारी परिवर्तनलाई आत्मसात् गर्ने लक्ष्य लिएको छ । नीति, कानुन, योजना तथा बजेट व्यवस्थापनमा लैसअसास उत्तरदायित्व सुनिश्चित गर्नुका साथै संस्थागत कार्यवातावरण, पूर्वाधार, क्षमता अभिवृद्धि, सेवा प्रवाह र अनुगमन प्रणालीमा समेत समावेशी दृष्टिकोणलाई मूलप्रवाहीकरण गर्नेछ ।

यो रणनीति केवल कार्यक्रमगत दस्तावेज नभई सामाजिक मूल्य-मान्यता, सोच, व्यवहार तथा शक्ति सन्तुलनमा सकारात्मक रूपान्तरण ल्याउने मार्गदर्शक साधन हो । वन  तथा वातावरण क्षेत्रका सबै सरकारी, सहकारी, सामुदायिक, निजी क्षेत्र तथा विकास साझेदार निकायहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणका दृष्टिकोणप्रति संवेदनशील, उत्तरदायी र परिणाममुखी बनाउन समन्वय, सहकार्य तथा उत्तरदायित्वको स्पष्ट व्यवस्था यसमा समावेश गरिएको छ । यस अवसरमा म सम्पूर्ण वन जैविक विविधता जलाधार तथा वातावरणीय क्षेत्रका संघीय, प्रदेश तथा स्थानीय तहका सरकारी निकायहरू, विकास साझेदारहरू, सामुदायमा आधारित वन उपभोक्ता समूहहरू, निजी क्षेत्र, नागरिक समाज तथा सम्बद्ध सबै सरोकारवालाहरूलाई यस रणनीति तथा कार्यान्वयन योजनाको प्रभावकारी कार्यान्वयनमा सक्रिय सहभागिता, सहकार्य र प्रतिबद्धता जनाउन हार्दिक अनुरोध गर्दछु । यस रणनीति तथा कार्यान्वयन योजना निर्माणमा संलग्न सम्पूर्ण व्यक्ति, संघसंस्थाका साथै मन्त्रालयका सचिव डा. गोबिन्द प्रसाद शर्मा, सहसचिव डा. राजेन्द्र के.सी., उपसचिव श्री दिपा वली, अधिकृतहरु श्री नविननाथ चालिसे, श्री स्मृति पहारी, श्री स्मृति रेग्मी लगायत सबैलाई धन्यवाद प्रदान गर्न चाहन्छु ।

समावेशी, न्यायपूर्ण तथा दिगो वन व्यवस्थापनमार्फत समृद्ध नेपाल निर्माण गर्ने हाम्रो साझा राष्ट्रिय लक्ष्य प्राप्तिमा यो रणनीति एक महत्वपूर्ण मार्गदर्शक दस्तावेजका रूपमा स्थापित हुनेछ भन्ने पूर्ण विश्वास व्यक्त गर्दछु ।

धन्यवाद !

..............................
**मा. माधव प्रसाद चौलागाई**
मन्त्री

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

**वन तथा वातावरण मन्त्रालय**

EX: पो.ब.नं. : ३९८७
सिंहदरवार, काठमाण्डौ



पत्र संख्या :-

चलानी नं. :-

प्राप्त पत्र संख्या र मिति:-

## मन्तब्य

व्यवस्थित वन क्षेत्र तथा सन्तुलित पर्यावरणमार्फत नेपालको आर्थिक, सामाजिक तथा सांस्कृतिक समृद्धिमा योगदान पुऱ्याउने वन तथा वातावरण मन्त्रालयको राष्ट्रिष्य व्यवस्थित वन क्षेत्र तथा सन्तुलित पर्यावरणमार्फत नेपालको आर्थिक, सामाजिक तथा सांस्कृतिक समृद्धिमा योगदान पुऱ्याउने वन तथा वातावरण मन्त्रालयको राष्ट्रिय नीति अनुरूप सङ्घीय शासन प्रणालीमा सो लक्ष्य हासिल गर्न समन्वित, उत्तरदायी तथा समावेशी कार्यप्रणाली अपरिहार्य भएको छ । नेपालको संविधानले प्रत्याभुत गरेको समानुपातिक समावेशीकरणको व्यवस्था, अन्तर्राष्ट्रिय सन्धि-सम्झौतामार्फत व्यक्त गरिएका प्रतिबद्धताहरू, राष्ट्रिय वन नीति २०७५, राष्ट्रिय वातावरण नीति २०७६, राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ लगायतका नीतिगत मार्गनिर्देशन तथा वन सम्बन्धी विभिन्न क्षेत्रगत रणनीतिहरूको प्रभावकारी कार्यान्वयनका सन्दर्भमा लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण (GEDSI) रणनीति तथा कार्यान्वयन योजना अन्तर्राष्ट्रिय नारी दिवस २०८२ को पूर्वसन्ध्यामा स्वीकृत गरी सार्वजनिकीकरण गरिनु एक महत्वपूर्ण उपलब्धिको रुपमा सदैव स्मरण भइरहनेछ ।

वन तथा वातावरण क्षेत्रका कार्यक्रमहरूको कार्यान्वयनमा लैङ्गिक समानता, अपाङ्गतामैत्री, सामाजिक समावेशीकरण तथा संरचनागत प्रावधानहरू थप, यथेष्ठ र प्रभावकारीरूपमा संस्थागत गर्ने परिप्रेक्ष्यमा प्रस्तुत रणनीतिले विद्यमान कमी-कमजोरीहरूको वस्तुगत विश्लेषण गर्दै नीतिगत सुधार, संस्थागत सुदृढीकरण, क्षमता अभिवृद्धि, समावेशी योजना तर्जुमा, उत्तरदायी बजेट विनियोजन तथा प्रभावकारी अनुगमन-मूल्याङ्कन प्रणालीको विकासका ठोश र कार्यान्वयनयोग्य उपायहरू प्रस्ताव गरेको छ ।

"रणनीति" बाट "कार्यान्वयन" तर्फको यात्रा दृढ प्रतिबद्धता, स्पष्ट उत्तरदायित्व र मापनयोग्य परिणामबिना सम्भव हुँदैन । यस सन्दर्भमा, लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरणलाई कुनै अतिरिक्त वा पृथक विषयका रूपमा नभई वन, जैविक विविधता, जलाधार तथा वातावरण सम्बन्धी सम्पूर्ण नीति, योजना, कार्यक्रम, बजेट तथा सेवा प्रवाह प्रक्रियालाई मार्गदर्शन गर्ने आधारभूत दृष्टिकोणका रूपमा संस्थागत गर्ने उद्देश्यले व्यवहारिक, परिणाममुखी र मापनयोग्य सूचकसहित यस रणनीति तथा कार्यान्वयन योजना तयार गरिएको छ ।

यस साझा दृष्टिकोण निर्माणमा योगदान पुऱ्याउनु हुने विज्ञहरू, मन्त्रालय तथा विभाग कर्मचारीहरू/लैङ्गिक सम्पर्क व्यक्ति, विकास साझेदार संस्थाका प्रतिनिधिहरू तथा सामुदायिक प्रतिनिधिहरूप्रति म हार्दिक धन्यवाद व्यक्त गर्दछु । यस मन्त्रालयको लैङ्गिक सम्पर्क बिन्दुको रुपमा कार्य गर्ने योजना, अनुगमन तथा समन्वय महाशाखा तथा यस निर्माणका विभिन्न चरणमा सहयोग पुऱ्याउने विश्व वन्यजन्तु कोष लगायत सबै संघसंस्थाहरुप्रति आभार व्यक्त गर्दछु । आगामी दिनमा यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि मन्त्रालय र अन्तर्गतका सम्पूर्ण निकायहरू, प्रदेश तथा स्थानीय तहका संरचनाहरू, समुदायमा आधारित वन समूहहरु तथा विकास साझेदार संस्थाहरूबीच सुदृढ समन्वय, साझा उत्तरदायित्व र सक्रिय सहभागिता अपरिहार्य रहनेछ ।

हामी सबैको समन्वित तथा प्रतिबद्ध प्रयासबाट वन, जैविक विविधता, जलाधार तथा वातावरणीय स्रोतहरूलाई सबै नागरिकका लागि समान अवसर, न्यायपूर्ण पहुँच तथा दीगो समृद्धिको आधारका रूपमा स्थापित गर्न महत्वपूर्ण उपलब्धि हासिल हुने विश्वास व्यक्त गर्दछु ।

..............................................

**डा. गोबिन्द प्रसाद शर्मा**
सचिव

फोन नं.:- ४२११७०३, ४२११७३७, ४२११५९९, ४२११८६४ फ्याक्स नं.:- ४२११६८

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय
(योजना, अनुगमन तथा समन्वय महाशाखा)

EX: पो.ब.नं. : ३९८७
सिंहदरवार, काठमाण्डौ

पत्र संख्या :-

चलानी नं. :-

प्राप्त पत्र संख्या र मितिः-



## आभार

"जहाँ स्त्रीको सम्मान हुन्छ, तहाँ इश्वरको बाँस हुन्छ", "जहाँ स्त्री, त्यहाँ श्री" मात्रै होइन, "कोक्रो हल्लाउने हातहरुमा संसार हल्लाउने ताकत हुन्छ" यी र यस्ता हामीले बारम्बार सुन्ने गरेको प्रख्यात युक्तिहरुले आधा आकाश प्रतिनिधित्व गर्ने महिलाहरुको अपार महत्व र सामर्थ्यलाई झल्काउँछ । क्षमता अभिवृद्धिका साथै नीति निर्माण देखि कार्यान्वयनका हरेक चरणहरुमा महिलाहरुको सक्रिय सहभागिता र अपनत्वले कुनैपनि नीति तथा कार्यक्रम सफलताको सुनिश्चिता तय गर्दछ । लैङ्गिक समानताका साथसाथै संरचनागत तथा व्यवहारगत विभेदमा परेका अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, मधेशी, मुश्लिम, पिछडिएका क्षेत्र लगायतका सिमान्तकृत समुदाय र व्यक्तिहरुका सवालहरुलाई वन तथा वातावरण क्षेत्रमा आन्तरिकीकरण तथा मूलप्रवाहीकरण गर्न वन तथा वातावरण मन्त्रालय नीतिगत, संस्थागत, कार्यक्रमिक रुपमा अग्रसर रहँदै आएको छ । राष्ट्रिय वन नीति, २०७५ ले वनक्षेत्रका सबै निकाय र संस्थाहरुमा लैङ्गिक विभेदको अन्त्य गरी नेतृत्वदायी भूमिका सहित ५० प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित गर्ने दिशानिर्देश गरेको छ भने सामुदायिक वनमा यो प्रावधान कार्यान्वयन भइसकेको छ । यसै सिलसिलामा विगत धेरै वर्षदेखि निर्माणको क्रममा रहेको *"वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्यान्वयन योजना (२०८२-२०९१)"* मन्त्रालयले हालसालै स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

यस रणनीति तथा कार्यान्वयन योजना स्वीकृति र कार्यान्वयनले वन तथा वातावरण मन्त्रालय नेपालमा सहभागितामूलक, पारदर्शी, लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा दरिलो र अग्रणी पाइला चाल्ने मन्त्रालयको रुपमा गौरवान्वित भएको छ । यस रणनीति तथा कार्यान्वयन योजनालाई अगाडि बढाउन सहजिकरण तथा उत्प्रेरित गरिरहने माननीय मन्त्री माधव प्रसाद चौलागाई र श्रीमान् सचिव डा. गोबिन्द प्रसाद शर्मा प्रति आभार व्यक्त गर्दछु । यसको तर्जुमाका विविध चरणमा नेतृत्व गर्ने डा. राधा वाग्ले, डा. सिन्धु प्रसाद ढुंगाना, डा. बुद्धि सागर पौडेल, शिव कुमार वाग्ले, बद्रीराज ढुंगाना, दिपा वली, डा. रामसिंह थापा, स्मृति पहारी, स्मृति रेग्मी, नविननाथ चालिसे, सुनिता उलक, शोभा सुवेदी, सिर्जना श्रेष्ठ, श्रद्धा सिग्देल, मञ्जु घिमिरे, जानुका पाठक, हसना श्रेष्ठ, सरस्वती अर्याल, इन्दिरा मुलेपति, विश्व वन्यजन्तु कोष, नेपालकी डोमा शेर्पा प्रति आभार व्यक्त गर्दछु । यसैगरी विगत समयमा यसलाई अगाडि बढाउन उत्प्रेरित गरिरहने तत्कालिन सचिव डा. विश्वनाथ ओली, डा. दिपक कुमार खराल, सहसचिव डा. अखिलेश्वरलाल कर्ण प्रति पनि आभार व्यक्त गर्न चाहन्छु । यसैगरी माननीय भारती पाठक, कान्तिराज भण्डारी, कञ्चन लामा, दिब्या गुरुङ्, सावित्रा ढकाल, कमला थापा मगर लगायत सहयोगी सम्पूर्ण महानुभाव, संघसंस्था तथा निकायहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । विश्व वन्यजन्तु कोषका राष्ट्रिय प्रतिनिधि डा. घनश्याम गुरुङ र डा. शान्तराज ज्ञवाली प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । रणनीति तथा कार्यान्वयन योजना स्वीकृत हुनु सुखद पक्ष हो । यसको पूर्ण कार्यान्वयन गरी समग्र वन, जैविक विविधता, जलाधार र वातावरण क्षेत्रलाई लैङ्गिक समानता, अपाङ्गतामैत्री, सामाजिक समावेशीकरण सहितको सुशासनयुक्त, लैङ्गिक हिंसामुक्त र मर्यादित बनाउन यहाँहरु सबैको सहयोगको अपेक्षा सहित सबैप्रति कृतज्ञतापूर्वक आभार व्यक्त गर्दछु ।

..........................................

**डा. राजेन्द्र के.सी.**
महाशाखा प्रमुख सहसचिव (प्रा.)/लैङ्गिक सम्पर्क बिन्दु

फोन नं.:- ४२११७०३, ४२११७३७, ४२११५९९, ४२११८६४ फ्याक्स नं.:- ४२११६८

# विषय सूची

माननीय मन्त्रीज्यूको मन्तव्य

श्रीमान् सचिवज्यूको मन्तव्य

महाशाखा प्रमुखको आभार

परिच्छेद १: परिचय

१.१ पृष्ठभूमि ........ १

१.१.१ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीतिगत व्यवस्था ........ २

१.१.२ वन तथा वातावरण क्षेत्रमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि नेपालको अन्तर्राष्ट्रिय प्रतिवद्धता ........ ३

१.२ विगतमा भएका प्रयासहरू ........ ४

१.२.१ वन क्षेत्रको लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति, २०६५ को समीक्षा ........ ५

१.२.१.१ नीतिगत वातावरणमा प्रभाव ........ ६

१.२.१.२ सुशासन र संस्थागत संरचनामा प्रभाव ........ ७

१.२.१.३ कार्यक्रम, बजेट र अनुगमन पद्धतिमा प्रभाव ........ ७

१.२.१.४ स्रोत, निर्णय प्रक्रिया र अवसरमा न्यायोचित पहुँचमा प्रभाव ........ ८

१.३ समस्या तथा चुनौतीहरू ........ ९

१.३.१ समस्या ........ ९

१.३.२ चुनौती ........ १०

१.४ नयाँ रणनीतिको आवश्यकता ........ ११

परिच्छेद २: रणनीति संरचना

२.१ दूरदृष्टि, ध्येय, उद्देश्य र रणनीति ........ १३

२.१.१ दूरदृष्टि ........ १३

२.१.२ ध्येय ........ १३

२.१.३ उद्देश्यहरू ........ १३

२.१.४ रणनीति तथा कार्यनीतिहरू ........ १४

## परिच्छेद ३: रणनीति कार्यान्वयन

३.१ संस्थागत व्यवस्था ........ २१

३.१.१ निर्देशक समिति ........ २१

३.१.२ लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति ..... २२

३.२ कानूनी व्यवस्था ........ २३

३.३ आर्थिक तथा वित्तीय व्यवस्था ........ २३

३.४ नीति समन्वय र सामञ्जस्यता ........ २४

३.५ जोखिम पहिचान र व्यवस्थापन ........ २४

३.६ अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन ........ २५

३.७ खारेजी र बचाउ ........ २६

३.८ कार्यान्वयन योजना ........ २६

अनुसूचीहरू ........ २७

# वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्यान्वयन योजना

(२०८२-२०९१)

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

वन, जैविक विविधता, जलाधार तथा वातावरण संरक्षण तथा व्यवस्थापनमा महिला र पुरुष दुबैको समान सहभागिता, सक्रिय भूमिका, समान अधिकार र दायित्व एवं निर्णय प्रक्रियामा समान पहुँच महत्वपूर्ण हुन्छ । यद्यपी, व्यवहारमा यस क्षेत्रमा महिला, अपाङ्गता भएको व्यक्ति तथा सीमान्तकृत वर्गको पहुँच, नेतृत्व, अधिकार र निर्णय प्रकृयामा असमानता भेटिन्छ । यस्तो असमानता सरकारी, सहकारी, सामुदायिक, निजी तथा गैर सरकारी संघ-संस्था अनुसार फरक-फरक रहेका छन् । नेपालमा अधिकार र निर्णय प्रक्रियामा महिला, अपाङ्गता भएका व्यक्ति लगायत सीमान्तकृत समुदायको समावेशी उपस्थिति तथा कृयाशीलताका लागि थुप्रै संरचनागत तथा व्यवहारगत व्यवधानहरू विद्यमान छन् । एकातर्फ आर्थिक, संस्थागत र कानूनी तथा नीतिगत जस्ता संरचनागत विषयहरूले महिला, अपाङ्गता भएको व्यक्ति तथा सीमान्तकृत समुदायलाई विभेद गरेको पाइन्छ भने अर्कोतर्फ मनोवैज्ञानिक, सांस्कृतिक, सामाजिक र अन्य गैरभौतिक विषयहरू जस्ता व्यवहारगत व्यवधानका कारणले महिला, अपाङ्गता भएको व्यक्ति तथा सीमान्तकृत समुदायलाई वन, जैविक विविधता, जलाधार तथा वातावरण क्षेत्रको व्यवस्थापनमा पहुँच तथा विभिन्न निर्णय प्रक्रिया, लाभको बाँडफाँटमा बाधा अवरोध पुर्‍याउनुका साथै उपेक्षित तथा वञ्चितीकरणमा पारेको पाइन्छ ।

समग्रमा वन, जैविक विविधता, जलाधार तथा वातावरण क्षेत्रमा महिला तथा सीमान्तकृत समुदायलाई सक्रिय तथा नेतृत्वदायी सहभागिता अभिवृद्धि गर्न सरकारी निकायहरूमा समेत महिला, अपाङ्गता भएका व्यक्ति, दलित, मधेशी तथा सीमान्तकृत समुदायबाट प्रतिनिधित्व गर्ने कर्मचारीको संख्या र पदीय हैसियत दुबै समावेशी हुनुपर्दछ । यसका वावजुद हाल वन, जैविक विविधता, जलाधार तथा वातावरण क्षेत्रका सरकारी तथा गैरसरकारी निकायहरू, सामुदायिक संघसंस्था तथा निजीक्षेत्रमा महिला, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायको न्यून उपस्थिति र नीति निर्माण तहमा पहुँच नगण्य रहेको देखिन्छ । महिला तथा विभिन्न सीमान्तकृत समुदायहरूलाई सरकारी सेवामा प्रवेश गर्न, पदोन्नति हुन, निर्णय प्रक्रियामा भाग लिन, अध्ययन अनुसन्धानमा सहभागी हुन, महत्वपूर्ण पद, जिम्मेवारी र कार्यालयमा काम गर्न र सम्मानित ढङ्गले आफ्नो क्षमता प्रदर्शन गर्न अनेकौं संरचनागत तथा व्यवहारगत व्यवधानहरू विद्यमान छन् ।

वनस्रोतको संरक्षण र दिगो व्यवस्थापनमा ग्रामीण महिलाहरूको भूमिका युगौंदेखि अन्योन्याश्रित, सकारात्मक, प्रभावकारी र महत्वपूर्ण रहँदै आएको पाइन्छ। वनस्रोत माथि समग्र परिवारकै निर्भरता भएपनि सामाजिक र लैङ्गिक भूमिकाका कारणले गर्दा ग्रामीण महिलाहरूको निर्भरता पुरुषको तुलनामा अत्याधिक बढी रहेको छ । यसका बावजुद समुदायमा आधारित वन संगठनहरूमा पनि लैङ्गिक विभेदको अवस्था छ । सामुदायिक वनमा संरचनागत रूपले ५० प्रतिशत महिलाको सहभागिता र अध्यक्ष वा सचिव मध्ये कम्तिमा एक पदमा महिला हुनै पर्ने कानूनी व्यवस्था गरिएको छ । सबै किसिमका वन व्यवस्थापन प्रणाली तथा समुदायमा आधारित वन व्यवस्थापन समूहहरूमा मनोवैज्ञानिक, सांस्कृतिक, सामाजिक र अन्य गैरभौतिक व्यवधानहरूले गर्दा महिलालाई पुरुष सरह निर्णय प्रक्रियामा भाग लिन, स्थलगत भ्रमण गर्न, निर्णय कार्यान्वयन गर्न, गराउन, सदरमुकाम वा राजधानीमा निर्वाध रूपमा आवतजावत, विदेश भ्रमण, तालिम वा अन्य क्षमता अभिवृद्धि वा नेतृत्व विकासका अवसरहरूमा भाग लिन बाधा व्यवधान पुऱ्याइराखेको छ ।

वनस्रोत व्यवस्थापनमा आदिवासी जनजाति तथा स्थानीय समुदायको भूमिकालाई संयुक्त राष्ट्र संघका विभिन्न महासन्धी तथा विशिष्टिकृत अङ्गहरूले आत्मसात गरेका छन् । आदिवासी जनजातिहरूका परम्परागत ज्ञान, सिप, अभ्यास, कला र सांस्कृतिक रीतिरिवाजहरू वन लगायत प्राकृतिक स्रोत एवं जैविक विविधता संरक्षण र दिगो व्यवस्थापनका लागि महत्वपूर्ण मानिएका छन् । संयुक्त राष्ट्र सङ्घीय जैविक विविधता महासन्धी र संयुक्त राष्ट्र सङ्घीय जलवायु परिवर्तन प्रारूप महासन्धीले जैविक विविधता लगायत प्राकृतिक स्रोतमाथि आदिवासी जनजाति र स्थानीय समुदायको पहुँच र तिनबाट प्राप्त लाभमा न्यायोचित अधिकार एवं बाँडफाँट हुनुपर्ने कुरालाई निर्देश गरेको पाइन्छ । त्यस्तै नेपालको संविधानले देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्द्धन र वातावरण अनुकूल दिगो उपयोग र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने नीति अँगालेको पाइन्छ। नेपालको सन्दर्भमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८को पछिल्लो संसोधन अनुसार ६० जाति वा समुदायलाई सूचीकृत गरेको छ। महिला, दलित, मधेसी, मुश्लिम, अपाङ्गता भएका व्यक्ति लगायत सामाजिक र आर्थिक रूपले बञ्चितीकरणमा परेका र स्थानीय रूपमा वनस्रोतमा आश्रित समुदायहरू, आदिवासी जनजातिहरूलाई वनक्षेत्रका स्थानीय समुदायका रूपमा लिन सकिन्छ । वनस्रोतको व्यवस्थापनमा प्रत्यक्ष वा परोक्ष रूपले संलग्न हुने सरकारी, गैरसरकारी, सामुदायिक एवं निजी क्षेत्रका संस्थाहरूमा आदिवासी जनजाति, दलित, मधेसी, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको क्षेत्र लगायत वञ्चितीकरणमा परेका समुदायका जीविकोपार्जन, हक, अधिकार, सम्मान र मर्यादाका विषयलाई नीति, कार्यक्रम, बजेट, मानवस्रोत व्यवस्थापन, आचरण र व्यवहारमा आत्मसात् गर्नु नै वनक्षेत्रमा सामाजिक समावेशीकरण हो ।

### १.१.१ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीतिगत व्यवस्था

नेपालको संविधानको धारा ३८(४) ले राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ भनी महिलाको मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ। त्यस्तै धारा ४२(१) मा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि पारिएका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडावर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ भन्ने उल्लेख गरेको छ। त्यसैगरी धारा १८(३) ले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, उत्पीडितवर्ग, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने भनी सामाजिक समावेशीकरण वा सकारात्मक विभेदका बारेमा थप प्रष्ट पारेको छ।

राष्ट्रिय वन नीति, २०७५ ले जैविक विविधता र त्यससँग जोडिएका आदिवासी जनजाति तथा स्थानीय समुदायका परम्परागत ज्ञान, सिप, अभ्यास, सामाजिक-सांस्कृतिक पद्धति, कला, बौद्धिक सम्पत्ति आदिको अभिलेखीकरण, पञ्जीकरण र सुरक्षण गर्दै लैजाने नीति अघि सारेको छ। सोही नीतिमा वन क्षेत्रका सबै सरकारी, सामुदायिक, सहकारी र निजी संस्थाहरूमा लैङ्गिक विभेदको अन्त्य गर्ने दिशानिर्देश गरेको छ। यसले वन क्षेत्रको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणका सिद्धान्तका आधारमा गरिने र वन क्षेत्रका सबै संस्थाहरूमा निर्णायक जिम्मेवारी सहित ५० प्रतिशत महिलाको सहभागिता हुने व्यवस्था गरेको छ।

राष्ट्रिय वातावरण नीति, २०७६ मा विकास आयोजनाबाट सिर्जित प्रतिकूल वातावरणीय प्रभावमा परेका समुदायलाई क्षतिपूर्ति दिनुपर्ने र त्यसरी क्षतिपूर्तिको व्यवस्था गर्दा महिला, दलित, आदिवासी जनजाति, मधेसी, आर्थिक रूपमा विपन्न, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकलाई विशेष प्राथमिकता दिनुपर्ने व्यवस्था गरिएको छ। राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ मा जलवायु सम्बद्ध नीति निर्माण, संरचना तथा कार्यक्रम कार्यान्वयनमा सुशासन तथा लैङ्गिक एवं सामाजिक समावेशीकरणलाई मूल प्रवाहीकरण गर्दै जीविकोपार्जनमा सहजीकरण गरिने व्यवस्था गरिएको छ।

### १.१.२ वन तथा वातावरण क्षेत्रमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि नेपालको अन्तर्राष्ट्रिय प्रतिवद्धता

नेपालले वन, वातावरण तथा जैविक विविधता सम्बन्धी एकदर्जन भन्दा बढी अन्तर्राष्ट्रिय महासन्धी तथा अभिसन्धीहरूमा हस्ताक्षर गरेको छ। त्यस अर्थमा यी महासन्धी तथा अभिसन्धीहरूको प्रावधान र यिनका निर्णयहरूको कार्यान्वयनका लागि नेपालको प्रतिवद्धता र दायित्व रहन्छ ।

यसमा संयुक्त राष्ट्र सङ्घीय जैविक विविधता महासन्धी (१९९२), संयुक्त राष्ट्र सङ्घीय जलवायु परिवर्तन प्रारूप महासन्धी (१९९२) र मरुभूमिकरण विरुद्धको संयुक्त राष्ट्र सङ्घीय महासन्धी (१९९४) ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विषयलाई गम्भीरतापूर्वक लिई छुट्टै कार्ययोजना जारी गरेका छन् । जैविक विविधता महासन्धी अन्तर्गत लैङ्गिक विषयलाई सम्बोधन गर्न लैङ्गिक कार्ययोजना (२०२३-२०३०) जारी गरिएको छ । संयुक्त राष्ट्र सङ्घीय जलवायु परिवर्तन प्रारुप महासन्धीले लैङ्गिक समानता तथा महिला सशक्तीकरणलाई आत्मसात गर्दै सन् २०३५ सम्मका लागि लैङ्गिक कार्यक्रम तथा कार्ययोजना स्वीकृत गरेको छ । मरुभूमिकरण विरुद्धको संयुक्त राष्ट्र सङ्घीय महासन्धीले पनि छुट्टै लैङ्गिक कार्ययोजना जारी गरेको छ । वन तथा वातावरण मन्त्रालय यी तीनवटै महासन्धीको लागि नेपाल सरकारको तर्फबाट सम्पर्क विन्दु रही सक्रिय सहभागिता जनाउँदै आएको छ ।

## १.२ विगतमा भएका प्रयासहरू

नेपालले विगतमा सञ्चालन गरेको वन क्षेत्रको गुरुयोजना (२०४५-२०६६)ले वन स्रोत र त्यसबाट प्राप्त हुने लाभमा सामाजिक रूपमा बहिष्कृत समुदायको न्यायोचित पहुँच सुनिश्चित गर्ने उद्देश्यसहित लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी मार्गदर्शन गरेको थियो । यसैगरी नेपाल सरकारले आर्थिक वर्ष २०६४/६५ बाट वार्षिक विकास कार्यक्रमलाई लैङ्गिक नीति सम्बोधी बनाउन लैङ्गिक उत्तरदायी बजेटलाई अभ्याशमा ल्याएको छ । यसै सिलसिलामा वन तथा वातावरण मन्त्रालयले नेपालमै पहिलो पटक मन्त्रालयस्तरमा “लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति, २०६५” तर्जुमा गरी कार्यान्वयन गरेको थियो ।

विशेषतः दशौं पञ्चवर्षीय योजना पश्चातका आवधिक योजनाहरूले महिला, दलित, आदिवासी जनजाति तथा सिमान्तकृत समुदायको परम्परागत ज्ञान, सिप, अभ्यास, सामाजिक, साँस्कृतिक पद्धति, कला, बौद्धिक सम्पत्ति आदिको सुरक्षा सहित वन क्षेत्रका सबै सरकारी, गैरसरकारी, सहकारी, सामुदायिक र निजी संस्थाहरूमा लैगिक विभेदको अन्त्य गर्न दिशानिर्देश गरेको पाइन्छ ।

नेपालका सामुदायिक वन सम्बन्धी मार्गदर्शन तथा निर्देशिकाहरूमा लैङ्गिक समावेशीकरण क्रमशः सुदृढ हुँदै आएको देखिन्छ । सामुदायिक वन विकास मार्गदर्शन, २०६५ (परिमार्जित) ले प्रत्येक

घरधुरीबाट एक महिला र एक पुरुष सदस्य रहने तथा समितिमा अध्यक्ष वा सचिवमध्ये कम्तिमा एक महिला सहित ५०% महिला प्रतिनिधित्वको व्यवस्था गरेको छ । त्यस्तै साझेदारी वन निर्देशिका, २०६७ ले वन व्यवस्थापन योजनामा गरिबी न्यूनीकरणका लागि लैङ्गिक तथा सामाजिक समावेशीकरण अवधारणा समावेश गर्ने व्यवस्था गरेको छ ।

राष्ट्रिय वन नीति, २०७५ मा सामजिक सुरक्षा, समावेशीकरण र सुशासनको दरिलो व्यवस्था गरेको छ । वन क्षेत्रका सबै संस्थाहरूमा निर्णाय जिम्मेवारी सहित ५० प्रतिशत महिलाको सहभागिता हुने गरी रणनीति, कानून, बजेट, कार्यक्रम र अभ्यासको अवलम्बन गरिने प्रतिबद्धता गरेको छ भने वन ऐन, २०७६ मा सामुदायिक वनको आम्दानीको कम्तिमा ५० प्रतिशत गरिबी निवारण, उद्यमशीलता र महिला सशक्तीकरणमा खर्च गर्नुपर्ने व्यवस्था गरिएको छ । राष्ट्रिय रेड प्लस रणनीति (२०८१-२०९१), मा महिला, आदिवासी जनजाति, मधेसी, दलित र वनमा आश्रित पिछडिएका समुदायहरूको अर्थपूर्ण सहभागिता र लाभ सुनिश्चित गर्ने व्यवस्था गरिएको छ । राष्ट्रिय वनको एकिकृत रणनीति योजना २०८१-२१०० को रणनीतिक योजनाका मार्गदर्शक सिद्धान्तमा लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण रहेको साथै अन्तरविषयगत क्षेत्रमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समावेश गरेको छ । जलवायु सम्बद्ध नीति निर्माण, संरचना तथा कार्यक्रम कार्यान्वयनमा सुशासन तथा लैङ्गिक एवं सामाजिक समावेशीकरणलाई मूल प्रवाहीकरण गर्दै जीविकोपार्जनमा सहजीकरण गरिने व्यवस्था गरिएको छ ।

वन, जैविक विविधता, जलाधार, जलवायु तथा वातावरणको क्षेत्रमा सुरक्षित, मर्यादित र समावेशी कार्यक्षेत्रको अभियान संचलान गरेको छ । वनक्षेत्रका सबै सरकारी तथा गैरसरकारी संघ संगठनले लैङ्गिक समानता, सामाजिक समावेशीकरण र गरिबी निवारणका अनुगमन सूचकहरू बनाउने र यसको कार्यान्वयनलाई महत्वपूर्ण अनुपालन कार्यको रुपमा अगाडी बढाइरहेको छ । मन्त्रालय, विभाग तथा अन्तर्गतका निकायहरूमा लैङ्गिक सम्पर्क व्यक्तिको अनिवार्य व्यवस्था गरेको छ भने विभिन्न तालिम तथा गोष्ठीहरूमा लैङ्गिक तथा समावेशी सम्बन्धी पाठयक्रममा समावेश गरी क्षमता अभिवृद्धिका कार्य अगाडी बढाइरहेको छ । मन्त्रालयको लैङ्गिक समावेशीकरण तथा मूलप्रवाहीकरणका नीति तथा कार्यक्रमहरूले विभिन्न निकायहरूका साथै सामुदायिक संस्थाहरूमा महिलाको पहुँच र नेतृत्वदायी भूमिकामा उल्लेख्य बृद्धि भएको छ । विगतको तुलनामा वन तथा वातावरण क्षेत्र बढी लैङ्गिक उत्तरदायी, अपाङ्गतामैत्री तथा समावेशी भए तापनि समस्याका तुलनामा यी प्रयासहरू पूर्ण र पर्याप्त हुन सकेका छैन । फलस्वरुप, यस क्षेत्रमा भएका कमीकमजोरी हटाई वन तथा वातावरण क्षेत्रलाई मर्यादित, न्यायपूर्ण, सम्मानित र समृद्ध बनाउन थप समर्पण र एकताबद्ध प्रतिबद्धता, प्रयास र अभियानको आवश्यकता रहेको छ ।

### १.२.१ वन क्षेत्रको लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति, २०६५ को समीक्षा

वन तथा वातावरण मन्त्रालयले नेपालको संविधान तथा नीतिगत व्यवस्था र अन्तर्राष्ट्रिय प्रतिवद्धतालाई पालना गर्न वन क्षेत्रको लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति, २०६५ तयार गरी लागु गरेको थियो । रणनीतिले १) नीतिगत वातावरण, २) सुशासन र संस्थागत संरचना, ३) कार्यक्रम, बजेट र अनुगमन पद्धति र ४) स्रोत, निर्णय प्रक्रिया र अवसरमा न्यायोचित पहुँच गरी चारवटा परिवर्तनका क्षेत्रमा दिशानिर्देश गरेको छ। यसको रणनीति कार्यान्वयन भएको पाँच वर्ष पश्चात यसको कार्यान्वयनको अवस्थाबारे विस्तृत पुनरावलोकन गरी वि.सं. २०७२ मा प्रतिवेदन प्रकाशित गरिएको थियो । उक्त प्रतिवेदन पश्चातको अभ्यास समेतका आधारमा सो रणनीतिको उपलब्धीलाई देहायका ४ वटा परिवर्तनका क्षेत्रका आधारमा यहाँ समीक्षा गरिएको छ।

#### १.२.१.१ नीतिगत वातावरणमा प्रभाव

लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति, २०६५ ले नीतिगत वातावरण अन्तर्गत दुई वर्ष भित्र वन तथा वातावरण क्षेत्रका सबै ऐन, नियम, निर्देशिका, मार्गदर्शन, मापदण्ड आदिलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैंससास) का दृष्टिले विश्लेषण गरी लैंससास अनुकूल र प्रतिकूल प्रावधानहरू पहिचान गर्ने, तीन वर्ष भित्र लैंससास अनुकूल हुने गरी सबै ऐन, नियम, निर्देशिका, मार्गदर्शन तथा मापदण्ड आदिलाई सहभागितामूलक ढङ्गले परिमार्जन गर्ने, पाँच वर्ष भित्र वनक्षेत्रमा क्रियाशील सबै सरकारी र गैरसरकारी संघ-संस्थाहरूले लैङ्गिक समता, सामाजिक समावेशीकरण र गरिबी निवारणका अनुगमन सूचकहरू तयार गर्ने र सुधारिएको नीति अनुरुप वनक्षेत्रमा क्रियाशील सबै सरोकारवालाहरूसँग सहकार्यको वातावरण तयार गर्ने पाँच वटा सूचकहरूको व्यवस्था गरिएको थियो ।

यी सूचकहरूको उपलब्धीतर्फ वि.सं. २०६५ मा सामुदायिक वन विकास मार्गदर्शनको परिमार्जन गरी उपभोक्ता समूहमा प्रत्येक घरधुरीबाट एक जना महिला र एक जना पुरुष रहने र समितिमा अध्यक्ष वा सचिव सहित कम्तिमा ५० प्रतिशत महिला हुने व्यवस्था गरियो। त्यस्तै वि.सं. २०६७ मा जारी भएको साझेदारी वनको निर्देशिकाको उद्देश्यमा गरिबी निवारणका लागि वन व्यवस्थापन योजनामा लैंससास अवधारणा समावेश गर्ने भन्ने उल्लेख गरियो। यस रणनीति तर्जुमा पछि वन क्षेत्रका ऐन, नियम, निर्देशिकाहरूको समय समयमा संशोधन वा नयाँ तर्जुमा गरिएको भए तापनि लैसससास दृष्टिले यथेष्ठ विश्लेषण र परिमार्जन हुन सकेको पाइँदैन। यद्यपी, राष्ट्रिय वन नीति, २०७५ मा नेतृत्व जिम्मेवारी सहित वनक्षेत्रका सबै सरकारी तथा गैरसरकारी क्षेत्रका सङ्गठनमा ५० प्रतिशत महिलाको प्रतिनिधित्व हुने विषय राखेको छ भने वन ऐन, २०७६ मा सामुदायिक वनको आम्दानीको कम्तिमा ५० प्रतिशत गरिबी निवारण, उद्यमशीलता र महिला सशक्तीकरणमा

खर्च गर्नुपर्ने व्यवस्था गरिएको छ । वनक्षेत्रका सबै सरकारी तथा गैरसरकारी संघ सङ्गठनले लैङ्गिक समानता, सामाजिक समावेशीकरण र गरिबी निवारणका अनुगमन सूचकहरू बनाउने सन्दर्भमा वन तथा वातावरण क्षेत्रका आयोजना परियोजनामा त्यस्ता सूचकहरू तयार गर्ने गरिएको छ ।

### १.२.१.२ **सुशासन र संस्थागत संरचनामा प्रभाव**

लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति, २०६५ले सुशासन र संस्थागत संरचना अन्तर्गत पाँच वर्ष भित्र सबै वन उपभोक्ता समितिहरूमा महिला र अन्य वञ्चितीकरणमा परेका समुदायको समानुपातिक प्रतिनिधित्व भएको हुने, पाँच वर्ष भित्र समितिका अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै एक पदमा वञ्चितीकरणमा परेका समुदायबाट प्रतिनिधित्व भएको हुने, वनक्षेत्रमा क्रियाशील सबै सरकारी र गैरसरकारी संघ-सङ्गठनका सबै तहमा नयाँ कर्मचारी भर्ना गर्दा कम्तिमा ३३ प्रतिशत महिला सहित अन्य वञ्चितीकरणमा परेका समुदायको समानुपातिक प्रतिनिधित्व हुने गरी गर्ने, मन्त्रालयको मानव संशाधन विकास रणनीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास)लाई आन्तरिकीकरण गर्ने, पाँच वर्ष भित्र सामुदायिक तथा जिल्लास्तरका वनका सङ्गठनहरूमा सार्वजनिक सुनवाई र सार्वजनिक लेखा परीक्षणलाई संस्थागत गर्ने, प्रत्येक दुई वर्षमा वनक्षेत्रका सबै संस्थाहरूले आफ्ना कार्यक्रमको लैससास परीक्षण गर्ने, वनक्षेत्रका सबै जनशक्तिलाई लैंससास विषयमा प्रशिक्षण दिने र तीन वर्ष भित्र मन्त्रालयदेखि जिल्ला तहसम्म लैंससासको दृष्टिबाट अनुगमन प्रणालीलाई संस्थागत गर्ने आठ वटा सूचकहरू समावेश गरिएको थियो ।

यी सूचकहरूको कार्यान्वयनमा आंशिक प्रगति मात्र हुन सकेको छ । वन उपभोक्ता समितिहरूमा महिला तथा अन्य वञ्चितीकरणमा परेका समुदायको पाँच वर्ष भित्र समानुपातिक प्रतिनिधित्व गराउने भनिएको भएतापनि सामुदायिक वनका समितिहरूमा महिलाको प्रतिनिधित्व बाहेक अन्य वञ्चितीकरणमा परेका समुदायको अपेक्षित प्रतिनिधित्व हुन सकेको छैन् । औसतमा यी समितिहरूमा पाँच प्रतिशत भन्दा कम दलितहरूको प्रतिनिधित्व रहेकोले यस्ता समितिहरूमा समानुपातिक सिद्धान्तका आधारमा समावेशी प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने देखिन्छ । सामुदायिक वन बाहेक अन्य वन समितिहरूमा महिला तथा सीमान्तकृत समुदायको प्रतिनिधित्व न्यून रहेको छ । मन्त्रालयको मानव संसाधन रणनीतिमा लैंससासलाई पर्याप्त रूपमा आन्तरिकीकरण गर्न सकिएको छैन । सार्वजनिक सुनवाई र सार्वजनिक लेखा परीक्षणलाई वनक्षेत्रका समग्र संघसंस्थामा संस्थागत गर्न सकिएको छैन । कार्यक्रमहरूको लैंससास परीक्षण, लैंससासका विषयमा सबै कर्मचारीलाई प्रशिक्षण एवं लैंससास दृष्टिबाट अनुगमन प्रणालीलाई संस्थागत गर्ने विषयमा सीमित उपलब्धि प्राप्त भएको छ ।

#### १.२.१.३ कार्यक्रम, बजेट र अनुगमन पद्धतिमा प्रभाव

लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति, २०६५ले कार्यक्रम, बजेट र अनुगमन पद्धति अन्तर्गत वनक्षेत्रका सबै सरकारी र गैरसरकारी संस्थाहरूको वार्षिक बजेटको कम्तिमा ३० प्रतिशत विपन्न र वञ्चितीमा परेका समुदायको जीविकोपार्जनका लागि छुट्याउने, वन व्यवस्थापन कार्यक्रमहरूमा विपन्न र वञ्चितीमा परेका समुदाय लक्षित सहायतालाई बढाउदै लैजाने, दुर्गम क्षेत्रको बजेट बढाउदै लैजाने, आदिवासी जनजातिका परम्परागत ज्ञान र सिपका आधारमा वनक्षेत्रको योजना तर्जुमा र कार्यान्वयन गर्ने, वनक्षेत्रमा क्रियाशील सबै संघसंस्थाको सहमतिमा आधारभूत अनुगमन फारम र प्रणालीको विकास गर्ने, वनक्षेत्रका सबै तहमा वञ्चितीकरणमा परेका समुदायको खण्डीकृत तथ्याङ्कसहितको व्यवस्थापन सूचना प्रणाली विकास गर्ने, वनका सबै निकायले अनुगमन प्रयोजनका लागि तथ्याङ्क सङ्कलन र विश्लेषण गर्न बजेट छुट्याउने गरी सात वटा सूचक राखिएको थियो ।

यस अन्तर्गत विपन्न तथा अन्य वञ्चितीकरणमा परेका समुदायलाई आम्दानीको कम्तिमा ३० प्रतिशत छुट्याउने र खण्डीकृत तथ्याङ्क तयार गर्ने बाहेक अन्य सूचकहरू मापन गर्न कठिनाई हुने खालका देखिएका छन् । उपलब्धीतर्फ विश्लेषण गर्दा विपन्नमुखी कबुलियती वनको कार्यक्रममा मात्र विपन्न र वञ्चितीकरणमा परेका समुदायका लागि बजेट व्यवस्था गरी कार्यान्वयन गरिएको पाइयो । केही सामुदायिक वनहरूमा आदिवासी जनजातिका परम्परागत ज्ञान र सिपका विषय कार्ययोजनामा राखिएतापनि त्यसलाई देशव्यापी बनाउन संस्थागत गराएको अवस्था छैन । रेडप्लस लगायत केही आयोजना तथा कार्यक्रमहरूमा सामाजिक तथा वातावरणीय सुरक्षाको अवधारणा कार्यान्वयन गर्ने सन्दर्भमा वनक्षेत्रमा आदिवासी जनजातिका विषय संस्थागत हुँदै आएको छ । लैससास सम्बन्धी खण्डीकृत तथ्याङ्कको सङ्कलन, विश्लेषण तथा व्यवस्थापन प्रणालीको स्थापना र सञ्चालन गर्नुपर्ने देखिएको छ ।

#### १.२.१.४ स्रोत, निर्णय प्रक्रिया र अवसरमा न्यायोचित पहुँचमा प्रभाव

लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति, २०६५ले स्रोत, निर्णय प्रक्रिया र अवसरमा न्यायोचित पहुँच अन्तर्गत विपन्न र वञ्चितीकरणमा परेका समुदायका घरधुरीले आफूले व्यवस्थापन गरेका वनबाट वृद्धि भएको उत्पादनको कम्तिमा औसत हिस्सा प्राप्त गरेको हुने, कबुलियती वनबाट विपन्न र वञ्चितीकरणमा परेका समुदायको खाद्य सुरक्षामा वृद्धि भएको हुने, जीविकोपार्जनका लागि वनमा आश्रित जातजातिको वैकल्पिक रोजगारीका अवसर वृद्धि हुने, वन व्यवस्थापनबाट प्राकृतिक स्रोतको संरक्षण हुनुका साथै विपन्न र वञ्चितीकरणमा परेका समुदायको आयआर्जन वृद्धि भएको हुने, विपन्न र वञ्चितीमा परेका समुदायको हितलाई प्राथमिकतामा राखी जैविक

विविधता संरक्षण र व्यवस्थापन गर्ने, वैकल्पिक ऊर्जाको प्रयोगबाट प्राकृतिक स्रोतको संरक्षणका साथै महिला र बालबालिकाको कार्यबोझ घटेको र स्वास्थ्यमा सुधार भएको हुने र लैङ्गिक तथा जातिय भेदभाव र घरेलु हिंसा जस्ता सामाजिक विकृति क्रमशः घटाउँदै लैजाने भनी यस अन्तर्गत सात वटा सूचकहरू राखिएको थियो ।

यी सूचकहरूको सन्दर्भमा उल्लेख्य उपलब्धी हुन सकेको देखिँदैन । सूचकहरू मात्रात्मक भन्दा बढी गुणात्मक वा वर्णनात्मक भएकाले तथ्याङ्क सङ्कलनको पद्धति संस्थागत हुन नसक्दा भएको प्रगतिको समेत यकिन आँकलन गर्न सकिएको छैन । समुदायले व्यवस्थापन गरेका वनबाट प्राप्त लाभमा विपन्न र वञ्चितीमा परेका समुदायका घरधुरीको के कति पहुँच बढेको छ भन्ने यकीन तथ्याङ्क देखाउन सकिएको छैन । परियोजना लागू भएका केही जिल्लाहरूका सामुदायिक वनहरूमा मात्र खण्डीकृत तथ्याङ्कका आधारमा विश्लेषण गरिएको पाइन्छ । कबुलियती वनबाट खाद्य सुरक्षामा वृद्धि हुने विषय लैङ्गिक तथा सामाजिक समावेशीकरणका दृष्टिबाट भन्दा पनि कार्यक्रम नै गरिबी निवारणसँग प्रत्यक्ष सम्बन्धित भएकाले यसमा आवद्ध घरधुरीहरूको खाद्य सुरक्षामा केही योगदान पुगेको देखिन्छ । वनमा आश्रित जातजातिका लागि वन बाहिर बैकल्पिक रोजगारीका अवसर सिर्जना गर्ने सूचक नै लैङ्गिक तथा सामाजिक समावेशीकरणका दृष्टिले उपयुक्त सूचक नभएको विश्लेषण गरिएको छ । वैकल्पिक ऊर्जाको कार्यक्रम वनक्षेत्रमा उल्लेख्य रूपमा सञ्चालन नभएकाले यसको प्रगति आँकलन गर्न सकिएको छैन ।

## १.३ समस्या तथा चुनौतीहरू

### १.३.१ समस्या

१. विगतको तुलनामा हाल वन क्षेत्रमा सरकारी, सहकारी, सामुदायिक, निजी र विकास साझेदार संस्थाहरूमा काम गर्ने महिला, अपाङ्गता भएका व्यक्ति, सिमान्तकृत समुदायको प्रतिनिधित्व क्रमशः बढ्दै गएको भए तापनि वन क्षेत्रसँग सम्बन्धित विद्यमान ऐन, नियम, संरचना, कार्यक्रम तथा दैनन्दिन व्यवहारमा लैंसअसासको विषय पर्याप्त मात्रामा आन्तरिकीकरण तथा मूलप्रवाहीकरण हुन सकेको पाइँदैन ।

२. वन, वातावरण, जैविक विविधता र जलाधार क्षेत्रमा काम गर्ने सरकारी, सहकारी, सामुदायिक, निजी र विकास साझेदार संस्थाहरूमा लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण (लैंसअसास) सम्बन्धी खण्डीकृत तथ्याङ्कको संकलन, विश्लेषण तथा व्यवस्थापन प्रणाली संस्थागत हुन सकेको पाइँदैन ।

३. वन तथा वातावरण क्षेत्रमा काम गर्ने सरकारी, सहकारी, सामुदायिक, निजी र विकास साझेदार संस्थाहरूमा कार्यान्वयन गरिने वार्षिक बजेट, कार्यक्रम, अवसरहरूमा महिला,

सिमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिहरूको सक्रिय र सार्थक सहभागिताको पर्याप्त सुनिश्चितता हालसम्म हुन सकेको छैन । स्पष्ट रूपमा छुट्याइएको लैङ्गिक उत्तरदायी बजेट अपर्याप्त हुनुको साथै कार्यान्वयनमा पारदर्शिता कमजोर रहेको भेटिन्छ ।

४. वन क्षेत्रबाट प्राप्त हुने आर्थिक लाभको बाँडफाँटमा महिला, सिमान्कृत समुदाय र अपाङ्गता भएका व्यक्तिहरूको समतामूलक पहुँचमा कमी रहेको छ ।

५. वन तथा वातावरण क्षेत्रमा काम गर्ने सरकारी, सहकारी, सामुदायिक, निजी र विकास साझेदार निकायहरूको लैङ्गिक विषयबारे पर्याप्त ज्ञान र तालिमको कमी, लैङ्गिक विश्लेषण गर्ने सीपको अभाव ।

६. वन तथा वातावरण क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी निकायहरूको भौतिक पूर्वधारहरू (कार्यालय, र आवसीय क्षेत्र, तथा सवारी साधन) पर्याप्त रुपमा लैंङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण (लैसअसास) मैत्री नभएको ।

७. वन क्षेत्रसँग सम्बन्धित सरकारी तथा गैर सरकारी निकायहरूले सम्पादन गर्नुपर्ने कार्यप्रकृति (ठूलो, स्थलगत, जोखिमयुक्त, दिनरात (चौबिसै घण्टा) र सातैदिन गर्नुपर्ने) ले गर्दा सम्बन्धित कार्यस्थललाई लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहारका दृष्टिकोणले जोखिमपूर्ण रहेको ।

८. सङ्घीय तथा प्रादेशिक वन तथा वातावरण सम्बद्ध मन्त्रालय र महत्वपूर्ण निकायहरूको महिला, अपाङ्गता भएका व्यक्ति, पिछडिएका क्षेत्र, आदिवासी, मधेशी, मुश्लिम, दलित, र अन्य सिमान्तकृत समुदायको नेतृत्व तहमा अत्यन्तै न्यून प्रतिनिधित्व तथा निर्णय प्रक्रियामा सीमित सहभागिता र पहुँच रहेका कारण प्रभावकारी भूमिका निर्वाह हुन सकेको भेटिदैन ।

### १.३.२ चुनौती

विगत लामो समयदेखिको प्रयासका बावजुद नेपालमा वन, जैविक विविधता, जलाधार तथा वातावरण क्षेत्र समग्र र पूर्णरुपमा लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरणयुक्त हुन नसक्नुका चुनौतीहरू यस प्रकार रहेका छन्:

१. **नीतिगत तथा कानूनी चुनौती**: वन तथा वातावरणीय नीति, योजना, परियोजनामा लैङ्गिक पक्ष समावेश हुन नसक्नु र भए तापनि व्यवहारमा यसको प्रभावकारी रूपमा लागू नहुनु ।

२. **संरचनागत तथा संस्थागत चुनौती**: “प्राविधिक” र “सामाजिक” विषयक्षेत्रमा देखिने विभाजन, नेतृत्वमा लैसअसासमा रहेको प्रक्रियागत औपचारिकता, खण्डीकृत तथ्याङ्कको अभाव, लैसअसासमैत्री भौतिक पूर्वाधारको अभाव र अपर्याप्तता ।

३. **सामाजिक तथा सांस्कृतिक चुनौती**: पितृसत्तात्मक समाज, महिला, अपाङ्गता भएका व्यक्ति तथा सिमान्तकृत वर्गलाई हेर्ने दृष्टिकोण, नेतृत्वमा औपचारिकता ।

४. **आर्थिक तथा स्रोतसाधन आधारित चुनौतीहरू**: लैसअसास कार्यक्रमहरूको कार्यान्वयनका लागि समर्पित बजेटको अभाव, महिलाहरूको वढ्दो कार्यबोझ, अपाङ्गता भएका व्यक्तिहरूका लागि भौतिक अवरोध, आर्थिक स्रोत र साधनमा पहुँच र निर्णयप्रक्रियामा सहभागिता नहुनु, उनीहरूको क्षमता वृद्धिमा लगानी नगरिनु ।

५. **जलवायु तथा वातावरणजन्य चुनौतीहरू**: उदयमान जलवायु तथा वातावरणीय जोखिमहरूले महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा सिमान्तकृत समुदायहरूमा स्वास्थ्यजन्य, जीविकोपार्जन, जीउज्यान र भौतिक साधनको सुरक्षा जोखिमहरू नयाँ चुनौतिका रुपमा बदलिंदो परिवेशमा देखिएका र थपिदै गएका ।

## १.४ नयाँ रणनीतिको आवश्यकता

विगतमा विभिन्न नीतिगत, कानूनी एवं संरचनागत प्रयासका बावजुद पनि वन, जैविक विविधता, जलाधार तथा वातावरण क्षेत्रमा लैङ्गिक समानता, अपाङ्गतामैत्री, मधेशी, मुश्लिम, पिछडिएका क्षेत्र, दलित, आदिवासी जनजाति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायतका सिमान्तकृत समुदायहरूलाई समावेशीकरण, मूलप्रवाहिकरण र आन्तरिकीकरणमा उल्लेखनीय प्रगति हासिल गर्न सकिएको छैन ।

नेपालको संविधान जारी भएपश्चात नेपालले सङ्घीय शासन प्रणाली अवलम्बन गरेको, लैङ्गिक र जातिय सहित सबै प्रकारको विभेद र उत्पीडनको अन्त्य गर्दै सामाजिक न्याय सहितको समावेशी र सहभागितामूलक समाज निर्माणको सङ्कल्प गरेको, र यसै बमोजिम नेपालको राजनीतिक-प्रशासनिक-नीतिगत परिवेश तथा अन्तर्राष्ट्रिय प्रतिवद्धतामा आएको परिवर्तनहरूलाई समेत आत्मसात गर्ने गरी नयाँ रणनीति तथा कार्यान्वयन योजना आवश्यक पर्न गएको छ ।

नेपालको नयाँ संविधान जारी भए पश्चात मुलुक सङ्घीय संरचनामा जादा वन तथा वातावरण क्षेत्रका नीति, कानून र प्रशाशनिक-साङ्गठनिक संरचना परिवर्तन भएका छन् । सङ्घीय संरचना अनुसारका वन तथा वातावरण क्षेत्रका सबै तहका सरकारी, सामुदायिक, सहकारी, गैरसरकारी एवं निजी क्षेत्रका संघ संस्थाहरूका सबै संरचनामा लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई आन्तरिकीकरण तथा मूलप्रवाहिकरण गर्न जरुरी भएकोले नयाँ लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण रणनीति आवश्यक देखिएको छ ।

नेपालको संविधानले निर्दिष्ट गरेको मौलिक हक, निर्देशक सिद्धान्त र विभिन्न न्यायपूर्ण, समान्नित र मर्यादित जीवन जीउने व्यवस्था, सबै किसिमको विभेद र उत्पीडनको अन्त्य गर्ने, समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने परिकल्पनालाई आत्मसाथ गर्दै लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरणका क्रियाकलापहरूलाई रणनीतिकरुपमा अगाडी बढाउन समेत यस रणनीतिको आवश्यकता परेको ।

विगतमा निर्माण गरिएको "**वन क्षेत्रको लैङ्गिक तथा सामाजिक समवेशीकरण रणनीति, २०६५**" को कार्यान्वयन अवधि १० वर्षभन्दा बढी भैसकेकोले यसको कार्यान्वयन अवस्थाको अध्ययन र पुनरावलोकनबाट प्राप्त पृष्ठपोषणलाई उचित सम्बोधन गर्न, अघिल्लो रणनीतिमा समावेश नभएका सांस्कृतिक, मनोवैज्ञानिक र व्यवहारगत विषय समेट्न, वन तथा वातावरण क्षेत्रलाई समग्रमा लैङ्गिक समानता, अपाङ्गता भएका व्यक्तिमैत्री तथा सामाजिक दृष्टिले समावेशी बनाउन, सरकारी लगायत सामुदायिक तथा निजी क्षेत्रका संस्थालाई समेत समेट्न, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारका घटनाहरूमा शून्य सहनशीलता अपनाई कार्यस्थललाई लैङ्गिक दृष्टिले सुरक्षित, मर्यादित र समावेशी बनाउन नयाँ रणनीति तथा कार्ययोजनाको आवश्यकता देखिन्छ ।

सन् २०१५ मा संयुक्त राष्ट्र संघले दिगो विकास लक्ष्य घोषणा गरी सन् २०३० भित्र सबै क्षेत्रमा, सबै प्रकारका लैङ्गिक विभेद अन्त्य गरी जिम्मेवारीमा ५० प्रतिशत महिलाको सुनिश्चितता गर्ने अठोट गरेको र नेपाल सरकारले त्यसमा प्रतिवद्धता जनाएकोले पनि वन तथा वातावरण क्षेत्रको नयाँ लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण रणनीति आवश्यक भएको छ ।

नयाँ रणनीतिको उल्लिखित आवश्यकताका आधारमा राष्ट्रिय वन नीति, २०७५ को भाग १० को खण्ड १ बमोजिम नेपाल सरकारले दश वर्षीय “वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्यान्वयन योजना (२०८२-२०९१)” तर्जुमा गरी जारी गरेको छ ।

# परिच्छेद २: रणनीति संरचना

## २.१ दूरदृष्टि, ध्येय, उद्देश्य र रणनीति

### २.१.१ दूरदृष्टि

लैङ्गिक समानता, अपाङ्गतामैत्री र सामाजिक समावेशीकरण सहितको मर्यादित र न्यायपूर्ण वन जैविक विविधता, जलाधार तथा वातावरण क्षेत्र ।

### २.१.२ ध्येय

नेपालको तीनै तहका सरकार, गैर सरकारी निकाय, विकास साझेदार, निजी क्षेत्र तथा सामुदायिक संघसंस्थाहरूमा सकारात्मक विभेदका माध्यमबाट महिला, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, दलित, मधेशी, मुश्लिम, पिछडिएका क्षेत्र, लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायत सिमान्तकृत समुदायको समावेशीकरण तथा मूलप्रवाहीकरण गर्दै समावेशी, मर्यादित, हिंसारहित तथा न्यायपूर्ण, वन, जैविक विविधता, जलाधार र वातावरण क्षेत्रको सुशासन सुनिश्चित गर्ने ।

### २.१.३ उद्देश्यहरू

यस रणनीतिको उद्देश्य निम्नानुसार रहेका छन्:

१. वन, जैविक विविधता, जलाधार र वातावरण क्षेत्रसँग सम्बन्धित तीनै तहका सरकारी निकाय, सहकारी, सामुदायिक, निजी क्षेत्र र विकास साझेदार संस्थालाई नीतिगत र संस्थागत रूपमा लैङ्गिक समानतायुक्त, अपाङ्गतामैत्री तथा सामाजिक समावेशी, संवेदनशील तथा उत्तरदायी बनाउने ।

२. तीनै तहका वन, जैविक विविधता, जलाधार तथा वातावरण क्षेत्रमा सेवा प्रवाह गर्ने निकायहरूमा महिला, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, दलित, मधेशी, मुश्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायत सिमान्तकृत समुदायको नेतृत्व र निर्णयमा अर्थपूर्ण सहभागिता सहित स्रोत साधन एवं लाभमा न्यायोचित पहुँच र नियन्त्रण सुनिश्चित गर्ने ।

३. वन, जैविक विविधता, जलाधार तथा वातावरण क्षेत्रका सबै कार्यस्थललाई लैङ्गिक तथा सामाजिक न्यायका दृष्टिकोणले सुरक्षित, मर्यादित, समावेशी र विभेद रहित बनाउने ।

### २.१.४ रणनीति तथा कार्यनीतिहरू

माथि उल्लेख गरिएका दूरदृष्टि, ध्येय र उद्देश्यहरू पूर्तिका लागि रणनीति तथा कार्यान्वयन योजनाका उद्देश्यगत रणनीति तथा कार्यनीतिहरू यस प्रकार रहेका छन्:

> ***उद्देश्य १:*** *वन, जैविक विविधता, जलाधार र वातावरण क्षेत्रसँग सम्बन्धित तीनै तहका सरकारी निकाय, सहकारी, सामुदायिक, निजी क्षेत्र र विकास साझेदार संस्थालाई नीतिगत र संस्थागत रूपमा लैङ्गिक समानतायुक्त, अपाङ्गतामैत्री तथा सामाजिक समावेशी, संवेदनशील तथा उत्तरदायी बनाउने।*

**रणनीति १.१: लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण संवेदनशील तथा उत्तरदायी नीति निर्माण गर्ने।**

**कार्यनीतिहरू:**

**कार्यनीति** १.१.१: विद्यमान वन, वातावरण जैविक विविधता तथा जलाधार क्षेत्रको नीति, रणनीति, ऐन, नियमावली, निर्देशिका, मार्गदर्शन लगायतका दस्तावेजहरूमा लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट विश्लेषण गरी नीतिगत तथा कानूनी दस्तावेज परिमार्जन गर्ने ।

**कार्यनीति** १.१.२: वन, जैविक विविधता, जलाधार तथा वातावरण क्षेत्रका नीति, रणनीति, ऐन, नियम, निर्देशिका, मापदण्ड लगायतका नीतिगत दस्तावेजहरूमा लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरणका प्रावधानहरू राखी तर्जुमा गर्ने ।

**कार्यनीति** १.१.३: वन, जैविक विविधता, जलाधार तथा वातावरण क्षेत्रका सबै निकाय र संघ संस्थाले लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण सुनिश्चितताका लागि कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।

**रणनीति १.२: वन, जैविक विविधता, जलाधार तथा वातावरण क्षेत्र सम्बन्धी सम्पूर्ण निकायमा लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण सुनिश्चित हुने संरचना र जनशक्तिको व्यवस्था गर्ने।**

**कार्यनीतिहरू:**

**कार्यनीति** १.२.१: वन, जैविक विविधता, जलाधार तथा वातावरण क्षेत्रका सबै संस्थागत संरचनामा निर्णायक पद सहित ५० प्रतिशत महिला सहितको समावेशी सहभागिता सुनिश्चित गर्ने ।

**कार्यनीति** १.२.२: कुनै निश्चित तह वा पदका आधारमा गठन हुने सबै प्रकारका औपचारिक, अनौपचारिक समिति, कार्यदलमा महिला तथा वञ्चितीकरणमा परेका समुदायको हकमा सो पद भन्दा एक तह मुनिको योग्यतालाई समेत मान्यता दिई समावेशी बनाउने ।

**कार्यनीति** १.२.३: निजामती सेवा ऐन तथा अन्य प्रचलित कानून मार्फत हुने कर्मचारी नियुक्तिमा अन्यथा व्यवस्था भएकोमा बाहेक कर्मचारी तथा कामदार नियुक्त गर्दा न्यूनतम योग्यताका आधारमा कम्तिमा ५० प्रतिशत महिला नियुक्ति गर्ने ।

**कार्यनीति** १.२.४: निजामती सेवा ऐन तथा अन्य प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कर्मचारी भर्ना गर्दा न्यूनतम योग्यताका आधारमा आदिवासी जनजाति, मधेसी, दलित, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, पिछडिएको क्षेत्र र विपन्न लगायत वञ्चितीमा परेका व्यक्ति र समुदायको समानुपातिक समावेशीकरण हुने गरी गर्ने ।

**कार्यनीति** १.२.५: लैङ्गिकमैत्री सेवा प्रवाहको लागि वन क्षेत्रका नीति निर्माण तथा कार्यान्वयन तहका पदाधिकारीहरू तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने ।

### रणनीति १.३: कार्यसूची, अधिकार एवं स्रोत र साधन सम्पन्न लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण एकाइ स्थापना र व्यवस्थापन गर्ने ।

**कार्यनीतिहरू:**

**कार्यनीति** १.३.१: वन तथा वातावरण क्षेत्रमा सम्पूर्ण सरकारी, सार्वजनिक, सामुदायिक, निजी, गैरसरकारी तथा विकास साझेदार संघ, संस्थाहरूमा स्पष्ट कार्यसूची सहितको लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरणको एकाइ स्थापना गर्ने ।

**कार्यनीति** १.३.२: लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण एकाइलाई जिम्मेवारी सहितको अधिकार, स्रोत र साधन सम्पन्न बनाउने ।

**कार्यनीति** १.३.३: लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण एकाइलाई प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक क्षमता अभिवृद्धि गर्ने ।

**कार्यनीति** १.३.४: वन तथा वातावरण क्षेत्रका लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण एकाइहरू बीच सम्पर्क संयन्त्र स्थापना गर्ने ।

**कार्यनीति** १.३.५: गुनासो पेटीका तथा अन्य माध्यमबाट प्राप्त भएका लैङ्गिक विषयका गुनासोहरूको सिघ्र सम्बोधन तथा व्यवस्थापन गर्ने ।

### रणनीति १.४: लैङ्गिक समानता, अपाङ्गतामैत्री र सामाजिक समावेशीकरण सम्बन्धी सिकाई तथा ज्ञान व्यवस्थापन गर्ने।

**कार्यनीतिहरू:**

**कार्यनीति** १.४.१: लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण सम्बन्धी ज्ञान एवं सिकाईहरूको अभिलेखीकरण, सम्प्रेषण र उपयोग गर्ने ।

**कार्यनीति** १.४.२: लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ज्ञान, सिप र सिकाईको पालना तथा अनुशरण गर्ने ।

***उद्देश्य २:*** *तीनै तहका वन, जैविक विविधता, जलाधार तथा वातावरण क्षेत्रमा सेवा प्रवाह गर्ने निकायहरूमा महिला, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, दलित, मधेशी, मुश्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायत सिमान्तकृत समुदायको नेतृत्व र निर्णयमा अर्थपूर्ण सहभागिता सहित स्रोत साधन एवं लाभमा न्यायोचित पहुँच र नियन्त्रण सुनिश्चित गर्ने ।*

### रणनीति २.१: वन, जैविक विविधता, जलाधार तथा वातावरण क्षेत्रका सबै सामुदायिक समूह, समितिहरूमा नेतृत्वदायी पद सहित प्रतिनिधित्व र निर्णय प्रक्रियामा समानुपातिक समावेशी सिद्धान्तको आधारमा ५० प्रतिशत महिला सहितको समावेशी सहभागिता शुनिश्चित गर्ने।

**कार्यनीतिहरू:**

**कार्यनीति** २.१.१: वन क्षेत्रका सामुदायिक वन लगायत समुदायमा आधारित सबै वन उपभोक्ता समूह तथा समितिहरूमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता सुनिश्चित गर्ने ।

**कार्यनीति** २.१.२: वन क्षेत्रका सामुदायिक वन लगायत समुदायमा आधारित सबै वन उपभोक्ता समूह तथा समितिहरूमा, जलाधार व्यवस्थापन समूह तथा समिति, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, वातावरण व्यवस्थापन समितिमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा अध्यक्ष वा सचिव एवं उपाध्यक्ष वा कोषाध्यक्ष सहित कम्तिमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने ।

**कार्यनीति** २.१.३: नेतृत्वमा रहेका महिलाहरूलाई आफ्नो भूमिका निर्वाह गर्न तथा उपभोक्ता समूह तथा समितिहरूमा समावेशिता सहित महिलाहरूको नेतृत्व विकास, क्षमता अभिवृद्धि गरी संस्थागत रूपमा काम गर्ने वातावरण तयार गर्ने ।

**कार्यनीति २.१.४:** महिलाहरूको कार्यबोझ घटाउनका साथै लैङ्गिक भूमिका परिवर्तनका लागि उपभोक्ता समूहहरूले सामाजिक परिचालन गर्ने ।

**कार्यनीति २.१.५:** महिलाको नेतृत्व विकासका लागि पुरुषहरूको सहयोग तथा संलग्नता बढाउने ।

**कार्यनीति २.१.६:** महिलाको नेतृत्व विकास तथा सामाजिक रूपान्तरणका लागि पुरुषहरूको सहयोग तथा संलग्नता बढाउँदै वन क्षेत्रका सबै संरचनामा परिवर्तनका संवाहक र लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण अभियन्ता छनौट, क्षमता विकास र परिचालन गर्ने ।

**कार्यनीति २.१.७:** वन, जैविक विविधता, जलाधार तथा वातावरण क्षेत्रमा लैङ्गिक हिंसा विरुद्ध अभियान सञ्चालन गर्ने ।

**कार्यनीति २.१.८:** वन, जैविक विविधता, जलाधार तथा वातावरण क्षेत्रका सबै सामुदायिक समूह/समितिहरू र सञ्चालित क्रियाकलापहरूबाट लाभान्वित व्यक्ति तथा घरधुरीहरूको लैङ्गिक समानता, अपाङ्गमैत्री तथा सामाजिक समावेशीकरणका आधारमा खण्डीकृत तथ्याङ्क व्यवस्थापन गरी उपलब्धिको मापन गर्ने ।

## रणनीति २.२: वन तथा वातावरण क्षेत्रमा उपलब्ध स्रोत, साधन, सुविधा र अवसरमा समन्यायिक पहुँचको विस्तार गर्ने ।

**कार्यनीतिहरू:**

**कार्यनीति २.२.१:** समुदायस्तरमा सहभागितामूलक सम्पन्नता स्तरीकरण, सामाजिक विश्लेषण, सेवा तथा सुविधाको नक्साङ्कन, महिला पुरुषको कार्यबोझ विश्लेषण तथा महिलाको क्रियाशीलता नक्साङ्कन गर्ने ।

**कार्यनीति २.२.२:** सम्पन्नता स्तरीकरण र नक्साङ्कनको आधारमा महिला, दलित, आदिवासी जनजाति, मधेसी लगायत अपाङ्गता भएका व्यक्ति लगायत सीमान्तकृत समुदायको जीविकोपार्जनको लागि बिउ पूँजी उपलब्ध गराई घुम्ती कोष र वनमा आधारित उद्यम प्रवर्द्धन गर्ने ।

**कार्यनीति २.२.३:** सम्पन्नता स्तरीकरण र नक्साङ्कनको आधारमा महिला, आदिवासी जनजाति, मधेसी, दलित, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, पिछडिएको क्षेत्र र विपन्न लगायत वञ्चितीमा परेका व्यक्ति र समुदायको आर्थिक विकासमा टेवा पुऱ्याउन वन पैदावारमा आधारित उद्यम स्थापना तथा विकासको लागि आवश्यक स्रोत तथा साधनको व्यवस्था गर्ने ।

**कार्यनीति** २.२.४: महिला, आदिवासी जनजाति, मधेसी, दलित, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, पिछडिएको क्षेत्र र विपन्न लगायत वञ्चितीमा परेका व्यक्ति र समुदायलाई प्राथमिकता दिदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा, सम्मेलन, वार्ता तथा बैठकमा भाग लिई आफ्नो धारणा राख्न सक्ने अवसर प्रदान गरी क्षमता अभिवृद्धि गर्ने ।

## रणनीति २.३: वन तथा वातावरणका क्षेत्रबाट प्राप्त स्रोत तथा लाभको न्यायोचित बाँडफाँट गर्ने ।

**कार्यनीतिहरू:**

**कार्यनीति** २.३.१: वन तथा वातावरण क्षेत्रबाट हुने लाभको कम्तिमा ३५ प्रतिशत हिस्सा समानुपातिक समावेशी सिद्धान्तका आधारमा महिलाहरूको सिप, उद्यमशीलता एवं नेतृत्व विकास र जीविकोपार्जन सुधारको लागि खर्च गर्ने ।

**कार्यनीति** २.३.२: वन तथा वातावरण क्षेत्रबाट हुने लाभको कम्तिमा १५ प्रतिशत हिस्सा दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, मधेसी लगायत सीमान्तकृत समुदायहरूको सिप, उद्यमशीलता एवं नेतृत्व विकास र जीविकोपार्जन सुधारका लागि खर्च गर्ने ।

## रणनीति २.४: प्राकृतिक स्रोतमा आधारित परम्परागत ज्ञान, सिप र अभ्यासको प्रवर्द्धन गर्ने ।

**कार्यनीतिहरू:**

**कार्यनीति** २.४.१: प्राकृतिक स्रोत सम्बन्धी आदिवासी जनजातिहरूको परम्परागत ज्ञान, सिप र अभ्यास लगायतका बौद्धिक सम्पत्तिलाई अभिलेखीकरण तथा संरक्षण गर्ने ।

**कार्यनीति** २.४.२: परम्परागत ज्ञान, सिप र अभ्यासलाई संरक्षण र प्रवर्द्धन गरी उद्यमशीलतासँग जोड्ने ।

*उद्देश्य ३: वन तथा वातावरण क्षेत्रका सबै कार्यस्थललाई लैङ्गिक तथा सामाजिक न्यायका दृष्टिकोणवाट सुरक्षित, मर्यादित, समावेशी र विभेद रहित बनाउने ।*

## रणनीति ३.१: सुरक्षित, मर्यादित, समावेशी र विभेदरहित कार्यस्थल निर्माण गर्ने।

**कार्यनीतिहरू:**

**कार्यनीति** ३.१.१: विभेदकारी सोच, दृष्टिकोण, आचरण र व्यवहारलाई रूपान्तरण गर्नका लागि सहभागितामूलक अभ्यास अनुशरण गर्ने, गराउने ।

**कार्यनीति** ३.१.२: लैङ्गिक समानता, अपाङ्गता भएका व्यक्तिमैत्री तथा सामाजिक दृष्टिले संवेदनशील बोलीचाली, भाषा, व्यवहार र आचरण अवलम्बन गर्ने ।

**कार्यनीति** ३.१.३: सोच, व्यवहार र आचरण परिवर्तनका लागि लैङ्गिक, अपाङ्गता तथा सामाजिक समावेशीमैत्री लेख, प्रचारप्रसार सामाग्री प्रकाशन र प्रयोग गर्ने ।

## रणनीति ३.२: कार्यस्थलमा हुने लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहार विरूद्ध शून्य सहनशीलता कायम गर्ने।

**कार्यनीतिहरू:**

**कार्यनीति** ३.२.१: वन तथा वातावरण क्षेत्रका सबै सरकारी, गैरसरकारी, सामुदायिक र निजी संस्थामा लैङ्गिक समानता, अपाङ्गमैत्री तथा सामाजिक समावेशीकरण आचारसंहिता तयार गरी लागू गर्ने ।

**कार्यनीति** ३.२.२: वन क्षेत्रका सबै कार्यालयहरूमा लैङ्गिक हिंसा विरुद्धको 'शून्य सहनशीलता' सम्बन्धी सूचना र सम्पर्क व्यक्तिको विवरण स्पष्ट देखिने गरी टाँस गर्ने ।

**कार्यनीति** ३.२.३: कार्यस्थलमा हुने हिंसाका स्वरूपहरू, कानुनी उपचारका मार्गहरू र मर्यादित कार्य वातावरणका विषयमा सबै तहका कर्मचारीहरूलाई वार्षिक रूपमा अनिवार्य अभिमुखीकरण प्रदान गर्ने ।

**कार्यनीति** ३.२.४: कार्यस्थलमा हुने लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहारका घटना, उजुरी तथा गुनासोहरूलाई तत्काल सुनवाई गरी प्रचलित कानुन बमोजिमको उपचारमा सहयोग गर्नका लागि लैङ्गिक सम्पर्क व्यक्ति सहितको आन्तरिक समिति गठन गर्ने ।

**कार्यनीति** ३.२.५: पीडितको गोपनीयता र सुरक्षाको पूर्ण प्रत्याभूति हुने गरी 'गोप्य उजुरी पेटिका' वा 'अनलाइन उजुरी पोर्टल'को व्यवस्था गर्ने ।

**कार्यनीति** ३.२.६: कार्यालयमा हुन सक्ने लैङ्गिक दुर्व्यवहारलाई तत्काल सम्बोधन गर्न लैङ्गिक सम्पर्क व्यक्ति तथा आन्तरिक समितिको संस्थागत भूमिकाका साथै पीडितलाई परामर्श दिन सक्ने गरी क्षमता अभिवृद्धि गर्ने ।

**कार्यनीति** ३.२.७: हिंसा वा दुर्व्यहारमा परेका कर्मचारीहरूलाई आवश्यकता अनुसार मनोसामाजिक परामर्श तथा कानूनी सहायताको व्यवस्था गर्ने ।

**कार्यनीति** ३.२.८: वन, वातावरण, जैविक विविधता र जलाधार क्षेत्रसँग सम्बन्धित सबै सरकारी, गैरसरकारी, सामुदायिक, निजीक्षेत्रका सम्पूर्ण पदाधिकारीहरूका लागि कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, लैङ्गिक आचारसंहिता र यौनजन्य दुर्व्यवहार सम्बन्धी सचेतना तालिम अनिवार्य रुपमा सञ्चालन गर्ने ।

**कार्यनीति** ३.२.९: महिला विकास कार्यक्रमबाट प्रवर्द्धित महिला समूह, सहकारी, निगरानी समूह लगायत लैङ्गिक हिंसा अन्त्यका लागि तयार भएका संयन्त्रहरूको सुदृढीकरण र परिचालन गर्ने ।

**कार्यनीति** ३.२.१०: वन तथा वातावरण क्षेत्रमा आवद्ध सबै सरोकारवालाहरू समेटी महिला र पुरुष वनकर्मीहरूको संयुक्त सञ्जालगठन गरी सुरक्षित, मर्यादित, समावेशी र विभेदरहित वन तथा वातावरण क्षेत्र बनाउने अभियान सञ्चालन गर्ने ।

## रणनीति ३.३: लैङ्गिक तथा अपाङ्गमैत्री संसाधन र भौतिक पूर्वाधार तयार गर्ने।

**कार्यनीति** ३.३.१: वन, जैविक विविधता, जलाधार तथा वातावरण क्षेत्रका कार्यालय, आवास, शौचालय, वन क्षेत्रमा निर्माण गर्ने पूर्वाधारहरू आदिमा महिला, यौनिक अल्पसंख्यक तथा अपाङ्गमैत्री सुविधाको व्यवस्था गर्न आवश्यक स्रोत र प्रविधिको व्यवस्था गर्ने, गराउने ।

**कार्यनीति** ३.३.२: कार्यालयका सवारी साधन खरिद र प्रयोग गर्दा महिला तथा अपाङ्गता भएका कर्मचारीहरूलाई प्राथमिकता तथा सहज हुने गरी गर्ने, गराउने ।

**कार्यनीति** ३.३.३: कार्यालय परिसरमा स्तनपान कक्ष, शिशु स्याहार कक्ष, सि.सि.टि.भि. क्यामेरा, लिफ्ट, मर्यादित महिनावारीमैत्री शौचालय आदि व्यवस्थापनको लागि आवश्यक स्रोत र प्रविधिको व्यवस्था गर्ने ।

**कार्यनीति** ३.३.४: सुरक्षित, मर्यादित र समावेशी दृष्टिकोणबाट प्रत्येक दुई वर्षमा एक पटक स्वतन्त्र विज्ञद्वारा कार्यस्थलको 'लैङ्गिक सुरक्षा अडिट' गराई प्राप्त सुझावहरू कार्यान्वयन गर्ने ।

# परिच्छेद ३: रणनीति कार्यान्वयन

## ३.१ संस्थागत व्यवस्था

### ३.१.१ निर्देशक समिति

रणनीति तथा कार्ययोजना कार्यान्वयनका लागि रणनैतिक दिशानिर्देश गर्न देहाय बाोजिमको १ निर्देशक समिति रहनेछः

| | | |
|---|---|---|
| १ | सचिव, वन तथा वातावरण मन्त्रालय | संयोजक |
| २ | महानिर्देशक, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | सदस्य |
| ३ | महानिर्देशक, वन तथा भू-संरक्षण विभाग | सदस्य |
| ४ | महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | सदस्य |
| ५ | महानिर्देशक, वातावरण विभाग | सदस्य |
| ६ | महानिर्देशक, वनस्पति विभाग | सदस्य |
| ७ | प्रदेश वन निर्देशकहरू (सातै प्रदेश) | सदस्य |
| ८ | प्रमुख, रेड कार्यान्वयन केन्द्र | सदस्य |
| ९ | वन तथा वातावरण मन्त्रालयबाट नियुक्त हुने विश्वविद्यालयका बिज्ञ प्रतिनिधि १ | सदस्य |
| १० | वन तथा वातावरण मन्त्रालयबाट नियुक्त हुने सामुदायिक वन, साझेदारी वन, कवुलियती वन समूह, निजी क्षेत्र र सञ्जालहरू मध्येबाट ३ जना महिला सहित ५ जना | सदस्य |
| ११ | वन तथा वातावरण मन्त्रालयबाट नियुक्त हुने विकास साझेदारहरूबाट २ जना महिला सहित ३ जना | सदस्य |
| १२ | राष्ट्रिय जलवायु परिवर्तनका र लैङ्गिक सम्पर्क व्यक्ति | सदस्य |
| १३ | लैङ्गिक सम्पर्क व्यक्ति, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| १४ | महाशाखा प्रमुख, योजना, अनुगमन तथा समन्वय महाशाखा, वन तथा वातावरण मन्त्रालय | सदस्य सचिव |

निर्देशन समितिले आवश्यक ठानेमा यस सम्बन्धी कार्य गर्ने सरकारी तथा गैरसरकारी संस्था एवम् विज्ञहरूलाई आमन्त्रित सदस्यका रुपमा निमन्त्रणा गर्न सक्नेछ । उक्त समितिको सञ्चालन कार्यविधि समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ । समितिको कार्यविवरण देहाय बमोजिम रहनेछ:

१) वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयन गर्न आवश्यक स्रोत र साधनको व्यवस्थाका लागि तीनै तहका सरकार र सरोकारवालाहरूलाई निर्देशन गर्ने ।

२) वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण सम्बन्धी सन्धि सम्झौता तथा प्रतिवद्धतालाई कार्यान्वयन गर्न मार्गदर्शन गर्ने ।

३) रणनीति कार्यान्वयनका क्रममा देखिएका विषयवस्तु सम्बोधन गर्न नीति तथा कानूनमा समय सापेक्षिक परिमार्जनको लागि सिफारिस गर्ने ।

४) अन्य आवश्यक कार्यहरू गर्ने ।

यस रणनीतिका उद्देश्यहरू पूर्तिका लागि प्रदेशस्थित वन सम्बन्धी मन्त्रालयले आफ्नो प्रदेश भित्रका समग्र क्रियाकलापहरू कार्यान्वयनका लागि प्रादेशिक स्तरको लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण समन्वय समिति गठन गरी आफै सञ्चालन कार्यविधि तयार गरी कार्यान्वयन गर्न सक्नेछ ।

### ३.१.२ लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति

यस रणनीति तथा कार्यान्वयन योजनाको दैनानुदिन सञ्चालन र आइपरेका समस्याहरूलाई सम्बोधन गर्न देहाय बमोजिमको १ लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति मन्त्रालयमा रहनेछ । यसले आफ्नो कार्यविधि आफै निर्माण गरी भए गरेको कामको प्रगति मन्त्रालयको निर्देशन समितिलाई नियमितरुपमा गर्नेछ ।

| | | |
|---|---|---|
| १ | महाशाखा प्रमुख, योजना, अनुगमन तथा समन्वय महाशाखा, वन तथा वातावरण मन्त्रालय | संयोजक |
| २ | सबै विभाग तथा केन्द्र तथा समितिहरूको लैङ्गिक सम्पर्क व्यक्तिहरू | सदस्य |
| ३ | विकास साझेदार संस्थाहरूको लैङ्गिक सम्पर्क व्यक्तिहरू | सदस्य |
| ४ | प्रदेश वन निर्देशकहरू (सातै प्रदेश) | सदस्य |
| ५ | प्रमुख, रेड कार्यान्वयन केन्द्र | सदस्य |
| ६ | राष्ट्रिय जलवायु परिवर्तन लैङ्गिक सम्पर्क व्यक्ति | सदस्य |
| ७ | लैङ्गिक सम्पर्क व्यक्ति, वन तथा वातावरण मन्त्रालय | सदस्य सचिव |

## ३.२ कानूनी व्यवस्था

यस रणनीति तथा कार्यान्वयन योजना नेपालको सविधानको धारा १८, धारा ३८(४) र धारा ४२ (१), धारा ५१ बमोजिमका व्यवस्था कार्यान्वयन गर्नका साथै नेपालले जारी गरेको कार्यस्थलमा हुने यौनजन्य दुरव्यहार निवारण ऐन, २०७१ का साथै निजामती सेवा ऐन २०४९ तथा नियमावली २०५० बमोजिमका प्रावधानहरूलाई समेत कार्यान्वयनमा लैजाने हुँदा समग्र उपयोगी र प्रभावकारी रहने देखिन्छ । वन तथा वातावरण मन्त्रालयले विगतमा बनाएको ३ वटा वन, वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी ३ वटा रणनीतिका व्यवस्थाहरू कार्यान्वयनमा ल्याउन, जलवायु परिवर्तन सम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति (२०७७-२०८७), जैविक विविधता महासन्धि र जलवायु परिवर्तन सम्बन्धी महासन्धीहरूका लैङ्गिक कार्ययोजनाहरू (२०२३-२०३०) बमोजिमका व्यवस्था कार्यान्वयनका लागि समेत उपयोगी र प्रभावकारी हुने देखिन्छ । यस बाहेक नेपालको विभेदरहित, न्यायपूर्ण, समावेशी, मानवअधिकारको परिपालना, सुशासन सम्बन्धी नीति तथा कानून एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनमा महत्वपूर्ण कोशेढुंगा हुने अपेक्षा रहेको छ। वन तथा वातावरण मन्त्रालयले वन, जैविक विविधता, जलाधार तथा वातावरण सम्बन्धी नीति, रणनीति, कानूनहरू निर्माण गर्दा वा परिमार्जन गर्दा यस रणनीतिलाई आधारको रुपमा लिन सक्नेछ ।

## ३.३ आर्थिक तथा वित्तीय व्यवस्था

यो रणनीति तथा कार्यान्वयन योजनाको प्रभावकारी कार्यान्वयनका लागि वन तथा वातावरण मन्त्रालय, प्रदेश स्तरमा प्रदेश सरकारको वन तथा वातावरण क्षेत्र हेर्ने विषयगत मन्त्रालय, स्थानीय तह तथा वन उपभोक्ता समूहहरूले आवश्यक बजेट व्यवस्था गर्नुपर्नेछ। वन ऐन २०७६

तथा वन नियमावली २०७९ ले समेत समुदायको आम्दानीको निश्चित रकम लैङ्गिक समानता, समावेशीकरण र गरिवी न्यूनीकरण र आय आर्जनका क्रियाकलापहरू सञ्चालन गर्न छुट्टाउनुपर्ने बाध्यकारी कानूनी व्यवस्था गरेको छ । रणनीति कार्यान्वयनका लागि विकास साझेदारहरूसँग सहकार्य गर्न सकिनेछ । यस रणनीतिका प्रावधान कार्यान्वयन गर्न र आफ्नो कार्यस्थल थप सुरक्षित, मर्यादित, समावेशी बनाउन सहकारी, सामुदायिक संगठन र निजी क्षेत्रहरूले समेत आर्थिक र वित्तीय व्यवस्था गर्नु पर्नेछ। वन तथा वातावरण मन्त्रालयले यो रणनीति कार्यान्वयनका लागि छुट्टै परियोजना सञ्चालन गर्न सक्नेछ। यसका साथै मन्त्रालयले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय एवं राष्ट्रिय तथा प्रादेशिक योजना आयोग र अन्य मन्त्रालय एवं निकायहरूसँग समन्वय र सहकार्य गरी नीतिगत तथा संरचनागत सुधार, मानव संसाधनको परिचालन तथा आवश्यक साधन र स्रोत जुटाउन सक्नेछ ।

## ३.४ नीति समन्वय र सामञ्जस्यता

यस रणनीति तथा कार्यान्वयन योजना नेपालको संविधान तथा सङ्घीय र प्रादेशिक कानूनहरूसँग नीतिगत समन्वय र सामञ्जस्यमा कार्यान्वयन हुनेछ। नेपालले विभेदरहित, समतामूलक, समावेशी, मानवअधिकार सम्पन्न, समानतामा आधारित समाजका साथै सहभागितामूलक वन, जैविक विविधता, जलाधार तथा वातावरण संरक्षणमा लिएको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू अनुरुपको रहेको छ । यस रणनीति तथा कार्यान्वयन योजनाले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको महत्वपूर्ण नीतिगत तथा कानूनी व्यवस्थाको बर्खिलाप रहेको देखिदैन ।

## ३.५ जोखिम पहिचान र व्यवस्थापन

यस रणनीति तथा कार्यान्वयन योजनाले समतामूलक, विभेदरहित, मर्यादित, सम्मानित, न्यायपूर्ण र समावेशी कार्यस्थल र समाज निर्माणमा सहयोग प्रदान गर्ने भएकोले अन्यक्षेत्रमा कुनै नकरात्मक प्रभाव र जोखिम पुऱ्याउने हुँदैन । वन र वातावरण क्षेत्र बाहेक अन्यक्षेत्रले यसलाई पूर्णरुपमा अंगिकार गर्न र यसको कार्यान्वयनका लागि एकताबद्ध प्रयास र साधन र स्रोतको कमी भई यसले लिएको लक्ष्य तथा ध्येय समयमा नै पूर्ति गर्न कठिनाई पुग्ने जोखिम सदा रहिरहने छ। यसका साथै प्राय "लैसअसास"लाई वर्तमान समयमा सामाजिक विषयका रुपमा मात्रै हेरिने भएकाले प्राविधिक मन्त्रालय तथा निकायहरूमा यसको बुझाईमा विविधता हुन सक्ने र सबैले समानरुपले तत्कालै आत्मसाथ नगर्ने जोखिम रहन्छ। "लैसअसास" संरचनागत (Structural) सहित व्यवहारगत (Behavioral) विषयमा पनि केन्द्रित हुने भएकाले कार्यान्वयनमा विशेष

खालको ज्ञान, सिप तथा क्षमताको आवश्यकता पर्ने हुन्छ। समावेशीलाई एकछत्र रुपमा हेर्दा लिङ्ग समूह वर्ग भित्रको विविधता तथा सम्बन्धमा सम्बोधन गर्न एकीकृत तथा ऐक्याबद्ध नीति, बजेट तथा कार्यक्रम, पद्धति र सोचको आवश्यकता पर्दछ। "लैसअसास" अन्तरसम्बन्धित विषयका रुपमा रहने हुँदा क्षेत्रगत, निकायगत सहकार्य र समन्वय आवश्यक हुन्छ। कार्यान्वयन योजना कार्यान्वयनका लागि आर्थिक, संस्थागत, र दक्ष, समर्पित एवं उत्प्रेरित मानव स्रोतको सुनिश्चितता गर्नुपर्ने र कार्यान्वय योजनाको कार्यान्वयन लागि सबैको सहकार्य तथा समन्वय आवश्यक रहेको हुन्छ। स्रोत साधनको कमी, अन्तर निकाय समन्वय र सहकार्य, एकमुष्ट र एकीकृत बुझाईमा लैङ्गिक समानता, अपाङ्गतामैत्री र समावेशी रणनीति तथा कार्यक्रम सञ्चालनमा बाधा व्यवधान उत्पन्न हुने जोखिम रहिरहन्छ।

माथि उल्लेखित जोखिमहरू सामान्य वर्गका र कम खतराजनक जोखिमहरू हुन्। यस्ता जोखिमहरूलाई तीनै तहका सरकारी निकायहरू, सहकारी, सामुदायिक संगठन, गैरसरकारी तथा निजी क्षेत्रको समन्वय, सहकार्य र सहजीकरणबाट कम गरिनेछ। सबैको सहयोग र समन्वयमा आर्थिक तथा वित्तीय स्रोत, साधन र जनशक्तिको अत्युत्तम व्यवस्थापन गरी जोखिमलाई कम गरिनेछ। संघीय तथा प्रदेश मन्त्रालयमा "लैसअसास" इकाई र फोकल पर्सन स्थापना गरी समन्वय, सहकार्य र सिघ्र समस्या समाधानका प्रयास गरिनेछ। वन तथा वातावरण मन्त्रालयको अगुवाई र साझेदार तथा सहयोगी निकायहरूको सहयोग र समन्वयमा प्रचार प्रसारका कार्य, निरन्तर क्षमता अभिवृद्धि कार्यक्रममार्फत लैङ्गिक उत्तरदायी बजेटिङ, समावेशी र समतामूलक वन, जैविक विविधता, जलाधार तथा वातावरण क्षेत्रकार्यालाई निरन्तर र प्रभावकारी अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षणका कार्य सञ्चालन गरिनेछ। संघ, प्रदेश र स्थानीय तहमा सरकारी, निजी, सामुदायिक तथा विकास साझेदारहरूको सहकार्य र समन्वयलाई थप प्रभावकारी बनाइनेछ।

## ३.६ अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन

यो रणनीति सबै सरोकारवालाहरूको सहकार्य र समन्वयमा वन तथा वातावरण मन्त्रालयले कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्नेछ र प्रदेश स्तरमा सो जिम्मेवारी प्रदेश सरकारको वन तथा वातावरण क्षेत्र हेर्ने विषयगत मन्त्रालयको रहनेछ। यस रणनीति तथा कार्यान्वयन योजनाले परिकल्पना गरेको दुरदृष्टि र ध्येय प्राप्ति भए नभएको विषयमा प्रभाव मूल्याङकन मन्त्रालयले विभिन्न चरणमा गर्नेछ। यस रणनीतिले राखेका उद्देश्यहरूको नतिजा मूल्याङ्कन र यसले निर्धारण गरेका विभिन्न क्रियाकलापहरूको अनुगमन र परिणाम मूल्याङ्कन नियमित रुपमा गरिनेछ।

भौगोलिक सूचना प्रणाली र सूचना प्रविधिको विकास र प्रयोग गरी वस्तुपरक अनुगमन र मूल्याङ्कन गरिनेछ। राष्ट्रिय योजना आयोगले प्रकाशन गरेको राष्ट्रिय अनुगमन र मूल्याङ्कन

दिग्दर्शन २०७५ बमोजिमका व्यवस्थाहरूको कार्यन्वयन गरिनेछ । यसका लागि आवश्यक पर्ने कर्मचारी र निकायहरूको क्षमता विकास गरिनेछ ।

यो रणनीति तथा कार्यान्वयन योजनाको ५-५ वर्षमा समीक्षा गरी पुनरावलोकन तथा परिमार्जन गरिनेछ । रणनीति तथा कार्यान्वयन योजना सञ्चालनको समयमा अनुभव गरेका सवल एवं सुधार गर्नुपर्ने पक्षहरूको पनि मूल्याङ्कनमा समीक्षा गरी रणनीतिको परिमार्जन वा भविष्यमा नयाँ रणनीतिको प्रक्रिया अवलम्वन गरिन्छ ।

## ३.७ खारेजी र बचाउ

वन क्षेत्रको लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति, २०६५ खारेज गरिएको छ । उक्त रणनीति बमोजिम गरिएका सम्पूर्ण क्रियाकलापहरू यस रणनीति तथा कार्यान्वयन योजना बमोजिम गरिएको मानिने छ ।

## ३.८ कार्यान्वयन योजना

अनुसूची १ मा दिइएको छ ।

## अनुसूची १

# वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण कार्ययोजना

(२०८२–२०९१)

| क्र सं | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अनुगमन सूचक | अनुमानित बजेट | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|---|
| **उद्देश्य १**: वन, जैविक विविधता, जलाधार र वातावरण क्षेत्रसँग सम्बन्धित तीनै तहका सरकारी निकाय, सहकारी, सामुदायिक, निजी क्षेत्र र विकास साझेदार संस्थालाई नीतिगत र संस्थागत रूपमा लैङ्गिक समानतायुक्त, अपाङ्गतामैत्री तथा सामाजिक समावेशी, संवेदनशील तथा उत्तरदायी बनाउने । | | | | | | | |
| १ | नीति तथा कानून परिमार्जन तथा तर्जुमाका लागि समावेशी कार्यदल गठन | वन जैविक विविधता तथा जलाधार क्षेत्र हेर्ने सबै सरकारी निकायहरू | समुदायिक, सहकारी निजी तथा विकास साझेदार संघ संस्थाहरू | तत्काल सुरुवात | समावेशी कार्यदल | | लैसअसासका सिद्धान्त र मापदण्डहरू समावेश भएका, सरोकारवालाको अर्थपूर्ण सहभागितासहित तयार |
| २ | लैङ्गिक समानता, अपाङ्गमैत्री तथा सामाजिक समावेशीकरण आन्तरिकीकरण खाका, अध्ययन विधि र मापदण्ड तयारी | वन तथा वातावरण मन्त्रालय | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, विकास साझेदार | १ वर्ष भित्र | खाँका तथा मापदण्ड | ५ लाख | संस्थागत प्रक्रियामा एकीकृत गर्ने स्पष्ट खाका, मापनयोग्य सूचकसहितको अध्ययन विधि तथा कार्यान्वयन मार्गदर्शन तयार भई स्वीकृत तथा प्रभावकारी रूपमा लागू हुने |
| ३ | समावेशी अन्तरक्रिया/ छलफल | सम्बन्धित महाशाखा/शाखा | सरोकारवाला मन्त्रालय, विभाग, स्थानीय तह, नागरिक समाज संस्था र विकास साझेदार निकायहरू | निरन्तर | अन्तरक्रिया/छलफलको संख्या, सहभागीमध्ये सीमान्तकृत समुदायको प्रतिशत, तथा प्राप्त सुझावहरू नीति/कार्यक्रममा | ५० लाख | सीमान्तकृत समुदायको अर्थपूर्ण सहभागितासहित समावेशी अन्तरक्रिया/ छलफल सम्पन्न भई नीतिगत सुधारका लागि ठोस सुझावहरू संकलित |

| क्र सं | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अनुगमन सूचक | अनुमानित बजेट | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|---|
| | | | | | समावेश गरिएको संख्या | | तथा अभिलेखीकृत |
| ४ | परिमार्जन तथा नयाँ तर्जुमा हुने नीति तथा कानून मस्यौदा तयार तथा स्वीकृति | सम्बन्धित महाशाखा/शाखा | कानूनी शाखा, योजना तथा अनुगमन महाशाखा, सरोकारवाला मन्त्रालय/निकाय तथा विकास साझेदारहरू | निरन्तर | स्वीकृत/प्रकाशित नीतिगत वा कानुनी दस्तावेजको संख्या | ५० लाख | सम्बन्धित नीति/कानूनको मस्यौदाको मस्यौदा तयार भई स्वीकृत हुने |
| ५ | सामाजिक मूल्य मान्यता र लैङ्गिक शक्ति सम्बन्ध विश्लेषण | सम्बन्धित मन्त्रालय/महाशाखा (GEDSI फोकल डेस्क) | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला आयोग, अपाङ्गता अधिकार महासंघ, सरोकारवाला नागरिक समाज संस्था तथा विकास साझेदारहरू | पहिलो र अन्तिम वर्ष | स्वीकृत विश्लेषण प्रतिवेदन | १५ लाख | सामाजिक मूल्य मान्यता तथा लैङ्गिक शक्ति सम्बन्धको अवस्थाबारे प्रमाणमा आधारित विश्लेषण प्रतिवेदन तयार भई नीति तथा कार्यक्रम सुधारका लागि सिफारिसहरू समावेश भएको |
| ६ | लैङ्गिक समानता, अपाङ्गमैत्री तथा सामाजिक समावेशीकरण परीक्षण | सम्बन्धित मन्त्रालयको योजना तथा अनुगमन महाशाखा/शाखा | सम्बन्धित विभाग/महाशाखा, प्राविधिक विज्ञ, तथा आवश्यकतानुसार विकास साझेदार संस्था | ३-३ वर्षमा | परीक्षण प्रतिवेदन स्वीकृत भएको, तथा सूचकहरू वार्षिक प्रगति प्रतिवेदनमा समावेश गरिएको | ५० लाख | मन्त्रालय/निकायका नीति, कार्यक्रम तथा संरचनामा GEDSI को अवस्थाको वस्तुगत मूल्याङ्कन भई सुधारका लागि कार्यान्वयनयोग्य सिफारिससहितको परीक्षण प्रतिवेदन स्वीकृत तथा कार्यान्वयन प्रारम्भ भएको |
| ७ | समुदायमा आधारित वन व्यवस्थापन पद्धतिमा महिला | वन तथा वातावरण मन्त्रालय (संघ र | वन तथा भू-संरक्षण विभाग, सम्बन्धित | ५-५ वर्षमा | अध्ययन प्रतिवेदन स्वीकृत भएको, महिला | ३० लाख | समुदायमा आधारित वन व्यवस्थापन संरचनामा |

| क्र सं | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अनुगमन सूचक | अनुमानित बजेट | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|---|
| | समावेशीता तथा प्रतिनिधित्वको अध्ययन | प्रदेश) (नीति, योजना तथा अनुगमन महाशाखा) | प्रदेश मन्त्रालयहरू, सामुदायिक वन उपभोक्ता महासंघ, साझेदारी वन उपभोक्ता महासंघ, कबुलियती वन उपभोक्ता महासंघ, मध्यवर्ती क्षेत्रका वन समूहहरू तथा स्थानीय तहहरू | | प्रतिनिधित्व सम्बन्धी तथ्याङ्क संकलन तथा विश्लेषण सम्पन्न भएको | | महिलाको सहभागिता, निर्णय प्रक्रियामा प्रतिनिधित्व तथा नेतृत्व अवस्थाको विश्लेषण सहित सुधारका लागि सिफारिसयुक्त अध्ययन प्रतिवेदन तयार भई नीतिगत तथा कार्यक्रमगत सुधारमा उपयोग भएको |
| ८ | वन क्षेत्रमा महिला सहभागितासँग सम्बन्धित नीतिगत वहस | वन तथा वातावरण मन्त्रालय (संघ प्रदेश) | राष्ट्रिय महिला आयोग, वन विभाग, सामुदायिक/साझेदार/कबुलियती वन उपभोक्ता समूहका छाता संगठनहरू तथा सम्बन्धित सरोकारवाला संघ-संस्था | २-२ वर्षमा | महिला सहभागिता सम्बन्धी नीतिगत बहसको संख्या, सहभागी महिलाको प्रतिशत, तयार भएका सिफारिसको संख्या तथा नीतिमा समावेश गरिएका प्रावधानहरूको संख्या | ५० लाख | वन क्षेत्रका नीतिहरूमा महिलाको अर्थपूर्ण सहभागिता, नेतृत्व र निर्णय प्रक्रियामा न्यूनतम प्रतिनिधित्व सुनिश्चित गर्ने नीतिगत सुधारका लागि सहमति तथा सिफारिसहरू तयार भई सम्बन्धित निकायमा पेश |
| ९ | महिलाको नेतृत्व विकासका लागि पुरुष र निर्णायककर्ताको संलग्नतामा तालिम गर्ने | संघ तथा प्रदेशका वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, वन तथा वातावरण मन्त्रालय (लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण | वन तथा वातावरण क्षेत्रमा क्रियाशील महिलाहरूका राष्ट्रिय तथा प्रादेशिक सञ्जालहरू, राष्ट्रिय महिला आयोग, महिला, बालबालिका तथा जेष्ठ | प्रथम पाँच वर्षभित्र आधार निर्माणसहित नियमित तालिम सञ्चालन र पछिल्ला पाँच वर्षमा संस्थागत विस्तार तथा | तालिममा सहभागी पुरुष तथा निर्णायककर्ताको संख्या, महिलाको नेतृत्व पदमा प्रतिनिधित्वको प्रतिशत वृद्धि, तथा संस्थागत नीतिमा लैङ्गिक उत्तरदायित्वसम्बन्धी | १ करोड | पुरुष तथा निर्णायककर्ताहरूको सकारात्मक दृष्टिकोण र प्रतिबद्धता अभिवृद्धि भई महिलाको नेतृत्व तथा निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता संस्थागत रूपमा |

| क्र सं | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अनुगमन सूचक | अनुमानित बजेट | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|---|
| | | समन्वय इकाई) | नागरिक मन्त्रालय | पुनर्ताजगीकरण कार्यक्रम सञ्चालन | निर्णयहरूको संख्यात्मक वृद्धि | | वृद्धि हुनु |
| १० | सामाजिक समावेशिता सहित महिलाहरूको नेतृत्व विकास तालिम सञ्चालन गर्ने | संघ तथा प्रदेशका वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | वन तथा वातावरण क्षेत्रमा क्रियाशील महिलाहरूको राष्ट्रिय तथा प्रादेशिक सञ्जालहरू, राष्ट्रिय महिला आयोग, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | प्रत्येक वर्ष नियमित रूपमा सञ्चालन | तालिम संख्या र तालिममा सहभागी महिलाहरूको संख्या | १.५ करोड | सामाजिक समावेशिता सुनिश्चित गर्दै महिलाहरूको नेतृत्व क्षमता वृद्धि भई उनीहरूको निर्णय प्रक्रियामा सक्रिय सहभागिता र नेतृत्व भूमिकामा वृद्धि |
| ११ | नियुक्ति गरिने पदहरूको अभिलेखीकरण गर्ने | कर्मचारी प्रशासन शाखा | प्रदेश स्थित वन तथा वातावरण क्षेत्र हेर्ने मन्त्रालय, विकास साझेदार, वन तथा वातावरण क्षेत्रका सामुदायिक सञ्जालहरू | हरेक वर्षको पहिलो त्रैमासिक भित्र अभिलेख अद्यावधिक हुनु | अभिलेखमा भएका पदहरूको प्रतिशत अद्यावधिक भएको (target ≥ ९५%), र आवश्यक रिपोर्ट समयमै तयार भएको | ५ लाख | सबै नियुक्ति हुने पदहरूको विवरण (नाम, जिम्मेवारी, स्तर, GEDSI प्रतिबद्धता) पूर्ण र अद्यावधिक अभिलेखमा व्यवस्थित भई पहुँचयोग्य हुनु |
| १२ | करार, दैनिक ज्यालादारी, परामर्श सेवा, प्रशिक्षण (प्रशिक्षार्थी/प्रशिक्षक), ईन्टर्न नियुक्त गर्दा कम्तिमा ५० प्रतिशत समानुपातिक समावेशी सिद्धान्तका आधारमा महिला नियुक्ति गर्ने | कर्मचारी प्रशासन शाखा/संघ तथा प्रदेशका वन तथा वातावरण क्षेत्रका निकायहरू | विभागीय एकाईहरू, प्रशिक्षण विभाग, परियोजना समन्वय एकाई | हरेक नियुक्ति/प्रशिक्षण/परामर्श सत्र अघि | प्रत्येक भर्ती/प्रशिक्षण/ईन्टर्न पदमा महिला सहभागिता प्रतिशत | ५ लाख | करार, दैनिक ज्यालादारी, परामर्श, प्रशिक्षण र ईन्टर्न पदहरूमा कम्तिमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित भई समानुपातिक समावेशीकरण सिद्धान्त कार्यान्वयनमा आएको |

| क्र सं | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अनुगमन सूचक | अनुमानित बजेट | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|---|
| १३ | करार, दैनिक ज्यालादारी, परामर्श सेवा, प्रशिक्षण (प्रशिक्षार्थी/प्रशिक्षक), इन्टर्न नियुक्त गर्दा समानुपातिक समावेशी सिद्धान्तका आधारमा नियुक्ति गर्ने | कर्मचारी प्रशासन शाखा। संघ तथा प्रदेशका वन तथा वातावरण क्षेत्रका निकायहरू | विभागीय इकाईहरू, प्रशिक्षण केन्द्रहरू, परियोजना समन्वय एकाई | प्रत्येक नियुक्ति प्रक्रिया अघि | नियुक्ति भएका पदहरूको प्रतिशत जुन GEDSI मापदण्ड अनुसार समानुपातिक रहेको विवरण र प्रत्येक त्रैमासिक/वार्षिक रिपोर्टमा प्रकाशित भएको | ५ लाख | सबै करार, दैनिक ज्यालादारी, परामर्श, प्रशिक्षण र इन्टर्न पदहरूमा लैङ्गिक, अपाङ्गता र सामाजिक समावेशीकरणका मापदण्ड अनुसार समानुपातिक नियुक्ति सुनिश्चित |
| १४ | कार्यालय प्रमुखहरू तथा अन्य कर्मचारीहरूलाई लैङ्गिक तथा सामाजिक समावेशीकरण सचेतीकरण तालिम सञ्चालन गर्ने | संघ तथा प्रदेशका वन तथा वातावरण क्षेत्रका निकायहरू | विभागीय GEDSI focal points, आन्तरिक प्रशिक्षण इकाई, गैरसरकारी/सहभागी संस्था | प्रत्येक वर्षको पहिलो र दोस्रो त्रैमासिक भित्र | तलिमको संखया र शिक्षणमा सहभागीहरूको प्रतिशत, सहभागीहरूको पूर्व-पश्चात् ज्ञान मूल्याङ्कनमा सुधार, र व्यवहारिक GEDSI गतिविधिमा सहभागी हुने दर | ५० लाख | सबै कार्यालय प्रमुख र कर्मचारीहरूलाई लैङ्गिक समानता, अपाङ्गता मैत्री र सामाजिक समावेशीकरण सम्बन्धी ज्ञान, व्यवहारिक प्रशिक्षण र जागरूकता प्राप्त भई व्यवहारमा लागू गर्न सक्षम बनाउने |
| १५ | लैसअसास एकाई/सम्पर्क व्यक्तिहरूको कार्यसूची बनाउने | योजना अनुगमन तथा समन्वय महाशाखा, सबै निकायहरू | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रत्येक वर्षको पहिलो त्रैमासिक भित्र कार्यसूची तयार र अद्यावधिक गर्नु | अद्यावधिक कार्यसूची | ५ लाख | सबै लैसअसास एकाई र सम्पर्क व्यक्तिहरूको नाम, पद, जिम्मेवारी र सम्पर्क विवरण सहित स्पष्ट कार्यसूची तयार भई अद्यावधिक भइसकेको अवस्था सुनिश्चित |
| १६ | लैसअसास एकाई गठन गर्ने वा सम्पर्क व्यक्ति नियुक्त | योजना अनुगमन तथा समन्वय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | प्रारम्भिक एकाई/सम्पर्क | हरेक कार्यालयमा नियुक्त एकाई वा | - | प्रत्येक विभाग/उप-कार्यालयमा लैसअसास |

| क्र सं | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अनुगमन सूचक | अनुमानित बजेट | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|---|
| | गर्ने | महाशाखा, सबै निकायहरू | मन्त्रालय | व्यक्ति पहिलो वर्ष भित्र नियुक्त हुनु | सम्पर्क व्यक्तिको प्रतिशत | | सम्बन्धी जिम्मेवारीसम्पन्न एकाई वा सम्पर्क व्यक्ति स्थापन भई GEDSI कार्यान्वयनका लागि पहुँचयोग्य संरचना तयार हुने |
| १७ | वार्षिक कार्यक्रम तथा बजेट तथा स्रोत साधनको सुनिश्चितता गर्ने | वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित सरकारी निकाय, आयोजना परियोजना निजी क्षेत्र तथा संघ संस्थाहरू | अर्थ मन्त्रालय, विकास साझेदार | हरेक आर्थिक वर्षको सुरुवात अघि | प्रत्येक वर्ष स्वीकृत कार्यक्रम र बजेट अनुसार स्रोत साधन प्रयोग गरिएको प्रतिशत र वार्षिक प्रगति रिपोर्ट तयार भएको | आवश्यकता अनुसार | प्रत्येक एकाई/सम्पर्क व्यक्तिको लागि वार्षिक कार्यक्रम, बजेट र स्रोत साधन स्पष्ट रूपमा तय भई, कार्यान्वयन योग्य र स्वीकृत भएको हुनु |
| १८ | गुनासो सुनुवाईको मन्त्रालयस्तरीय कार्यविधि तयार गर्ने | सम्बन्धित प्रशासन शाखा | विभागहरू, परियोजना कार्यालयहरू र विभागीय कर्मचारीहरू | पहिलो वर्षको अन्त्य भित्र कार्यविधि तयार, स्वीकृत र लागू भई सञ्चालनमा ल्याउने | कार्यविधि स्वीकृत भएको मिति, कार्यान्वयन प्रतिशत र गुनासो प्रक्रिया प्रयोग गरिएका घटनाहरूको संख्या तथा प्रतिक्रिया समय | १० लाख | मन्त्रालयस्तरीय गुनासो व्यवस्थापन प्रक्रिया स्पष्ट, पारदर्शी र सबै सरोकारवालाका लागि पहुँचयोग्य कार्यविधिमा रूपान्तरण भई स्वीकृत हुने |
| १९ | मन्त्रालयमा लैसअसास रणनीति कार्यान्वयनको उपलब्धी मूल्याङ्कन गर्न सकिने गरी सूचना व्यवस्थापन प्रणाली (MIS) स्थापना गरी कार्यान्वयनमा | सम्बन्धित कार्यालयको तथ्याङ्क/अनुगमन तथा मूल्यांकन शाखा | विभागहरू, परियोजना कार्यालयहरू र विभागीय कर्मचारीहरू | MIS प्रणाली प्रारम्भिक संस्करण २ वर्ष भित्र तयार हुनेछ र ५ वर्षभित्र पूर्ण कार्यान्वयन हुनेछ | MIS मार्फत सञ्चालित डेटा रिपोर्टिङ प्रणालीको माध्यमबाट समयमै रिपोर्ट पेश हुने अनुपात, डेटा पूर्णता स्तर, र प्रयोगकर्ता | MIS को विकास, हार्डवेयर, सफ्टवेयर, तालिम, र मर्मतसम्भा | मन्त्रालयको लैसअसास सम्बन्धी सबै गतिविधि, रिपोर्ट, र डेटा एकीकृत रूपमा MIS मार्फत डिजिटल रूपमा उपलब्ध हुनेछ |

| क्र सं | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अनुगमन सूचक | अनुमानित बजेट | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|---|
| | ल्याउने | | | | सन्तुष्टि सूचकांक | रका लागि अनुमानित रु ५० लाख विनियोजन | |
| २० | अनुगमन सूचक तथा तथ्याङ्क सङ्कलनको फारममा लैङ्गिक खण्डीकृत तथ्याङ्क उल्लेख गर्ने र उक्त फारमहरू भर्ने जिम्मेवारी तोक्ने, र मातहत कार्यालयका कर्मचारीहरूलाई प्रशिक्षण दिने | सम्बन्धित कार्यालयको तथ्यांक/अनुगमन तथा मूल्यांकन शाखा | विभागहरू, परियोजना कार्यालयहरू, र विभागीय कर्मचारीहरू | आ.व. २०८४/८५ भित्र प्रारम्भ र प्रत्येक वर्ष नियमित अपडेट | लैङ्गिक खण्डीकृत तथ्याङ्क तथा समयमै रिपोर्टिङको अनुपात | ५० लाख विनियोजन | कार्यालयहरूमा लैङ्गिक खण्डीकृत तथ्याङ्क संकलन र रिपोर्टिङ प्रणाली कार्यान्वयन हुने |
| २१ | लैङ्गिक खण्डीकृत तथ्याङ्कहरू तथा लैङ्गिक समानता र समावेशीकरणका लागि भएका कार्यक्रम तथा उपलब्धीहरूको लैङ्गिक विशेष वार्षिक प्रतिवेदन प्रकाशन गर्ने | वन तथा वातावरण मन्त्रालय अन्तर्गत योजना तथा अनुगमन महाशाखा तथा लैसअसास एकाई | सम्बन्धित विभागहरू, स्थानीय सरकारहरू, र संघीय तथा अन्तर्राष्ट्रिय साझेदार संस्था | प्रत्येक आर्थिक वर्षको अन्त्यसम्म वार्षिक प्रतिवेदन प्रकाशित गर्ने | प्रतिवेदन समयमै प्रकाशन, तथ्याङ्कको पूर्णता, समावेशीकरण सूचकांकको समावेश, र नीति/कार्यक्रममा प्रयोग हुने अनुपात | ५० लाख विनियोजन | वार्षिक प्रगति समीक्षा र प्रतिवेदनमा लैसअसास सम्बन्धित डाटाहरू व्यवस्थित, विश्लेषित र रिपोर्ट गरिने |
| २२ | वार्षिक प्रगति समीक्षा र प्रतिवेदन तयार गर्दा लैसअसासको दृष्टिकोणबाट डाटाहरू तयार गर्ने, विश्लेषण गर्ने र समीक्षा गर्ने | वन तथा वातावरण मन्त्रालय अन्तर्गत योजना तथा अनुगमन महाशाखा तथा लैसअसास एकाई | सम्बन्धित विभागहरू, स्थानीय सरकारहरू, र संघीय तथा अन्तर्राष्ट्रिय साझेदार संस्था | प्रत्येक प्रगति रिपोर्ट वर्षको अन्तिम त्रैमासिक भित्र तयार पार्ने र समीक्षा | ससास-सम्मत रिपोर्ट संख्या, सहभागीहरूको विविधता (लिङ्ग, अपाङ्गता, सामाजिक वर्ग), समीक्षा बैठकको संख्या, र नीति सिफारिस कार्यान्वयन दर | २५ लाख विनियोजन | प्रत्येक वार्षिक समीक्षा रिपोर्टमा लैसअसास सूचक अनुसार समानुपातिक र समावेशी डाटा संकलन र विश्लेषण गरी नीतिगत सिफारिस तयार गर्ने |

| क्र सं | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अनुगमन सूचक | अनुमानित बजेट | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|---|---|---|
